सूचनाको हक सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४ को दफा ५ को उपदफा (३) को देहाय (क) देखि (ड) सम्ममा व्यवस्थित एकीकृत सूचनाहरुको स्वतः प्रकाशन

(२०७९ साल वैशाख महिनादेखि २०७९ आषाढ महिना सम्म)

(क) स्थानीय तहको स्वरुप र प्रकृतिः

(१) स्थानीय तहको स्वरुपः

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७१।०१।२५ को निर्णयानुसार साविकका रुम्जाटार, बर्नालु, ओखलढुङ्गा, ज्यामिरे, सल्लेरी र अँधेरी नारायणस्थान समेतका ६ वटा गाउँ विकास समितिहरु गाभेर घोषणा भई कार्यान्वयनमा आएको साविक सिद्धिचरण नगरपालिकामा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मितिः २०७३।११।०९ मा स्थानीय तह कार्यान्वयन सम्वन्धी भएको निर्णय अनुसार साविकका तलुवा, ठूलाछाप, जन्तरखानी, विगुटार र बेतिनी गाउँ विकास समितिहरु र बरुणेश्वर गाउँ विकास समितिको वार्ड नं.९ समेतलाई गाभि सिद्धिचरण नगरपालिका घोषणा भई कार्यान्वयनमा आएको हो। यस नगरपालिकाको संक्षिप्त स्वरुप तपसिल अनुसार रहेको छ।

जनसंख्याः २८३७४ **क्षेत्रफलः** १६७.८८ वर्ग कि.मि.

केन्द्रः साविक सिद्धिचरण नगरपालिकाको कार्यालय **वडा संख्याः** १२

सीमानाः

पूर्वः चिसङ्खुगढी गाउँपालिका **पश्चिमः** मोलुङ् गाउँपालिका

उत्तरः खिजीदेम्बा गाउँपालिका र सोलुखुम्बू जिल्ला **दक्षिणः** मानेभञ्ज्याङ् गाउँपालिका

वडा विभाजन

हाल कायम भएको वडा नं.	समावेश भएका साविकका गा.वि.स./न.पा.हरु	साविक वडा नं.
१	तलुवा गा.वि.स.	१-९
२	ठूलाछापगा.वि.स.	१-९
३	सिद्धिचरण नगरपालिका	१० र ११
४	सिद्धिचरण नगरपालिका	१२ र १३
५	सिद्धिचरण नगरपालिका	१ र २
६	जन्तरखानी गा.वि.स.	१-९
७	विगुटार गा.वि.स.	१-९
	वरुणेश्वर गा.वि.स.	९
८	सिद्धिचरण नगरपालिका	८ र ९
९	सिद्धिचरण नगरपालिका	६ र ७
१०	बेतिनि गा.वि.स.	१-९
११	सिद्धिचरण नगरपालिका	३ र ४
१२	सिद्धिचरण नगरपालिका	५

नगरपालिकाको केन्द्रदेखी वडा कार्यालय सम्मको दूरी, वडा कार्यालय रहेको स्थानको अक्षांश,देशान्तर र समुद्री सतहदेखीको उँचाई सम्बन्धी बिवरण:

वडा नं.	वडा कार्यालय रहेको स्थान	नगरपालिकाको केन्द्रबाट दूरी (कि.मि.)	अक्षांश	देशान्तर	समुद्री सतहबाट उँचाई (मिटर)
१	तलुवा	१७	२७°१४'३४.३३"	८६°४४'४९.७५"	१०१४
२	ठुलाछाप	१४	२७°१५'२३.९७"	८६°३४'११.१५"	१४१७
३	नारायणस्थान	६	२७°१७'११.१२"	८६°३१'२८.५०"	१६२८
४	रुम्जाटार	११	२७°१८'१३.८०"	८६°३२'५४.२२"	१३३६
५	बर्नालु	६	२७°१९'४३.०१"	८६°३२'१६.११"	१६५०
६	जन्तरखानी	२३	२७°२३'५२.५०"	८६°३०'५३.१३"	२५०२
७	बिगुटार	१३	२७°२१'२०.२७"	८६°२९'१६.७५"	१५३५
८	सल्लेरी	८	२७°२२'२९.९५"	८६°३१'१४.९९"	१५२४
९	ज्यामिरे	६	२७°१८'२२.५९"	८६°२८'३४.३१"	१४३६
१०	बेतिनी	११	२७°१७'२१.३७"	८६°२८'१५.०३"	१२८६
११	ओखलढुङ्गा	२	२७°१८'२८.७४"	८६°३०'१५.७२"	१६६२
१२	ओखलढुङ्गा	०	२७°१८'१३.६१"	८६°३२'५४.०२"	१७१५

नगरपालिका मातहतका वडाहरुको नामाकरण सम्बन्धी:

वडा नम्बर १ को नाम तलुवा रहनाको कारण :

धेरै पहिले यस क्षेत्रमा बाहिङ् तोलोवाहरुको शासन थियो । यिनै तोलोवाहरुलाई पछि तोलाचा भन्न थालियो । तोलोचा बाहिङ् रुम्दालीहरुको एक पाछा हो । यहि तोलोचा शब्द अपभ्रंस भएर तलुवा भएको भनाई छ । अर्को प्रसंग त्यस ताका तलुवा पुग्ने पाहुनाहरुले पानी कहाँ छ भनेर सोध्दा तल छ भनेर जवाफ दिइन्थ्यो । बाहिङ् राइहरुले तल वाकु छ भन्थे । बाहिङ् भाषामा वाकु भनेको पानी हुन्छ । यही आधारमा तलवाकु शब्द अपभ्रंश भई तलुवा भएको भन्ने सन्दर्भ प्रचलनमा रहेको छ ।

वडा नम्बर २ को नाम ठुलाछाप रहनाको कारण :

पृथ्वी नारायण शाहको पूर्वी नेपाल एकीकरण सफल भएपछि आफूले जितेका ठाउँहरु चर्ची खानु भन्ने आदेश भएपछि सात वटा छापहरुको नामबाट नामाकरण भएको इतिहास कारहरुको भनाई छ । ती सातवटा छापहरु क्रमशः आँगेछाप, चुवानछाप, स्यावनछाप, ठुलाछाप, केउरिनीछाप, खनियाछाप र वानियाछाप हुन । यिनै छापहरुको आधारमा स्थानीय वुद्धिजीविहरुले ठुलाछाप नामाकरण गरेका थिए ।

वडा नम्बर ३ को नाम अधेरी नारायणस्थान रहनाको कारण :

धेरै पहिले यस क्षेत्रको माथिल्लो भागमा घना जंगल थियो । सधैं बादल लागेर अध्यारै हुन्थ्यो । त्यसैले यो भागलाई अधेरी भनियो । यसै क्षेत्रको असिनेको बीच भागमा सन् १९३१ मा स्थानीय ब्यक्ति इन्द्रबीर गुरुङ्ले काठमाण्डौंबाट चार नारायणका मूर्तिहरु ल्याएर वडाको बीच भागमा स्थापना गरे । त्यसपछि अधेरी र असिनेको भागलाई संयोजन गरी अधेरी नारायणस्थान नामाकरण गरियो भन्ने पुराना अभिलेखहरुमा देखिन्छ ।

वडा नम्बर ४ को नाम रुम्जाटार रहनाको कारण :

यस वडाको नामाकरण सम्बन्धमा धेरै पहिले यस क्षेत्रमा रुम राइहरुको शासन थियो । नेपाल एकीकरण अभियानमा पृथ्वी नारायण शाहका गुरुङ् र राई पल्टनले यस क्षेत्रमा आक्रमण गरे । यस क्षेत्रमा विजय प्राप्त गरेपछि लामा गुरुङ्हरुको बसोवास शुरु भयो । राइहरुको पैत्रिक थलो भएकोले रुम वा रुम्जा भनिएको र सिस्नेखोलाको पूर्वमा ठोटनेखोलाको पश्चिममा प्रायव्दिप झै बनेको भूभाग अग्लिएर माथिसम्म परेको हुनाले रुम्जाटार नाम रहन गएको हो भन्ने भनाई रहेको छ ।

वडा नम्बर ५ को नाम बर्नालु रहनाको कारण :

यसलाई पहिला चुप्लु चुल्हो भनेर चिनिन्थ्यो । रुम्जाटारमा गुरुङ्हरुको बसोवास भएपछि चुप्लुको सिमसार क्षेत्रमा आलुखेति तथा भेडापालन शुरु गरियो । उर्वर माटो भएको हुनाले यो ठाउँको वनमा प्रशस्त आलु फल्न थालेपछि चुप्लु वनका आलु भन्ने गरियो । पछि यही शब्द अपभ्रंश भएर भेडा ब्यवसायीहरुबाटै यो क्षेत्रको नाम वर्नालु भएको भन्ने प्रसंग जोसमुनी साहित्यमा पाइन्छ ।

वडा नम्बर ६ को नाम जन्तरखानी रहनाको कारण :

यो तामाखानी रहेको क्षेत्र हो । कुनै समय घरको छाना छाउन ढुङ्गा खन्ने गरिन्थ्यो । ढुङ्गा खानीमा जन्तरको आकृति भएका ढुङ्गाका टुक्राहरु प्रशस्त भेटिन्थे । स्थानीय रुपमा यस्ता टुक्राहरुलाई जन्तरको रुपमा केटाकेटीहरुले लगाउथे । जन्तर जस्ता पत्थरहरुलाई शुभ मानिन्थ्यो । यही आधारमा जन्तर र खानी शब्दको संयोजन भई जन्तरखानी नामाकरण भएको हो भन्ने भनाई रहेको छ ।

वडा नम्बर ७ को नाम विगुटार रहनाको कारण :

किराँत शासनकालमा टक (पैसा) काटने प्रचलन थियो । सो समयमा यहाँ त्यस्तो टक (पैसा) काटिने भएकोले टक्सार भन्ने गरिन्थ्यो । विगु नामका ब्यक्तिले त्यस क्षेत्रको सुरक्षा गर्दथे । यही टक्सारको तल्लो समथर भागमा आवादी बाक्लो हुन थालेपछि कालान्तरमा यसको नाम विगुटार भनिएको हो भन्ने भनाई रहेको छ ।

वडा नम्बर ८ को नाम सल्लेरी रहनाको कारण :

जैविक विविधताले भरिएको यस स्थानमा सिर्सिर चिसो हावा चलिरहने, मनोरम हावापानी देखेर पूर्वी नेपाल एकीकरणका फौजी कमाण्डर रामकृष्ण कुँवरले लगलगे क्षेत्रको भूभागलाई सल्लेरी नामाकरण गरेका थिए भन्ने भनाई चार्ल्स मोदगुलले The Gurkha Conquests भन्ने पुस्तकमा उल्लेख गरेका छन् ।

वडा नम्बर ९ को नाम ज्यामिरे रहनाको कारण :

किराँतकालीन समयमा वल्लो किराँत क्षेत्र हेर्ने ज्यामे नाम गरेका किराँत प्रशासक थिए । मोलुङ् आसपासको क्षेत्रमा ज्यामेले वल्लो किराँतको किपट प्रथा अन्तरगतको कर उठाउने काम गर्थे भन्ने कुरा इतिहासकार ग्रियर्सनको Gurkhas भन्ने पुस्तकको पेज नं.९६ मा ज्यामेर रैंकर शब्दको प्रशस्त रुपमा प्रयोग भएको हुनाले पछि वस्ती विस्तार शुरु भएपछि नेपाली भाषामा ज्यामे र रैंकर शब्दको योगबाट नै ज्यामिरे बनेको भन्ने भनाई रहेको छ ।

वडा नम्बर १० को नाम बेतिनी रहनाको कारण :

हालको बेतिनी क्षेत्र कुनै समय वल्लो किराँत अन्तर्गत शासित थियो । बेति नाम गरेका ब्यक्तिले यस क्षेत्रको प्रशासन हेर्ने गर्दथे । यहाँ ब्वासो बास बस्ने एउटा ओडार थियो, त्यस स्थानमा जनघनत्व बढदै जाँदा बेती, ब्वाँसो, बेतघारी शब्दबाट भाषिक सुधार भई यस स्थानको नाम बेतिनी रहन गएको भन्ने भनाई टेनियल राइटको History of Nepal भन्ने पुस्तकको पेज नं.२७ मा उल्लेख छ ।

वडा नम्बर ११ को नाम ओखलढुङ्गा रहनाको कारण :

किम्वदन्ती अनुसार महाभारतको पात्र भिमसेनले यहाँको ढुङ्गालाई ओखल बनाई धान कुटेर खाएकोले यसलाई प्राचिन कालदेखी नै ओखलढुङ्गा भनिएको जनश्रुती छ । अर्को प्रसंगमा मल्लकालीन राज्य विस्तारको क्रममा लक्ष्मी नरसिंह मल्लले आफ्ना काजी भिम मल्लको नेतृत्वमा यहाँ पठाएको सेनाले खानको लागि नजिकै गाउँबाट ल्याएको धान यहाँकै ठुलो ढुङ्गामा कुटेर खाएकोले यस ठाउँको नाम ओखलढुङ्गा रहेको हो भन्ने लोकोक्ति रहेको छ ।

वडा नम्बर १२ को नाम ओखलढुङ्गा रहनाको कारण :

किम्वदन्ती अनुसार महाभारतको पात्र भिमसेनले यहाँको ढुङ्गालाई ओखल बनाई धान कुटेर खाएकोले यसलाई प्राचिन कालदेखी नै ओखलढुङ्गा भनिएको जनश्रुती छ । अर्को प्रसंगमा मल्लकालीन राज्य विस्तारको क्रममा लक्ष्मीनर सिंह मल्लले आफ्ना काजी भिम मल्लको नेतृत्वमा यहाँ पठाएको सेनाले खानको लागि नजिकै गाउँबाट ल्याएको धान यहाँकै ठुलो ढुङ्गामा कुटेर खाएकोले यस ठाउँको नाम ओखलढुङ्गा रहेको हो भन्ने लोकोक्ति रहेको छ ।

(२) स्थानीय तहको प्रकृतिः

नेपालको संविधान को धारा २१४ को उपधारा (१) ले संविधान र संघीय कानूनको अधीनमा रही स्थानीय तहको कार्यकारिणी अधिकार नगर कार्यपालिकामा निहित रहने, धारा २१७ ले कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण गर्न नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने, धारा २२१ को उपधारा (१) ले संविधानको अधिनमा रही स्थानीय तहको व्यवस्थापिकीय अधिकार नगर सभामा निहित रहने र उपधारा (२) ले नगर सभाको व्यवस्थापिकीय अधिकार अनुसूची–८ र ९ मा व्यवस्था गरेको छ ।

त्यसैगरी "स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थनीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका संसदले यो ऐन बनाएको छ।" भन्ने व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनाको तेस्रो अनुच्छेदमा उल्लेख छ । जस

अनुसार यो नगरकार्यपालिका नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधीनमा रही विधायिकी, कार्यकारिणी र न्यायिक अधिकार सम्पन्न स्थानीय तह (सरकार) हो।

ख) स्थानीय तहको काम, कर्तव्य र अधिकारः

१) नगरपालिकाको काम, कर्तव्य र अधिकारः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (उपदफा (१)) र संविधानको अनुसूची–८ मा उल्लेख भए बमोजिमको एकल अधिकारहरु कार्यान्वयन गर्ने व्यवस्था रहेको।

उपदफा (२)

उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी नगरपालिकाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था रहेको।

क. नगर प्रहरी सम्वन्धी

ख. सहकारी संस्था सम्वन्धी

ग. स्थानीय एफ.एम. सञ्चालन सम्वन्धी

घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर सम्वन्धी

ङ. स्थानीय सेवाको व्यवस्थापन सम्वन्धी

च. स्थानीय तथ्याङ्क र अभिलेख व्यवस्थापन सम्वन्धी

छ. स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्वन्धी

ज. आधारभूत र माध्यमिक शिक्षा सम्वन्धी

झ. आधारभूत स्वास्थ्य तथा सरसफाई सम्वन्धी

ञ. स्थानीय बजार व्यवस्थापन,वातावरण संरक्षण र जैविक विविधता सम्वन्धी

ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई सम्वन्धी

ठ. नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्वन्धी

ड. स्थानीय अभिलेख व्यवस्थापन सम्वन्धी

ढ. जग्गाधनी दर्ता प्रमाणपूर्जा बितरण सम्वन्धी

ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी सम्वन्धी

त. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन सम्वन्धी

थ. बेरोजगारको तथ्याङ्क संङ्कलन

द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण

ध. खानेपानी, साना जलविद्युत आयोजना, बैकल्पिक उर्जा

न. विपद् व्यवस्थापन

प. जलाधार,वन्यजन्तु,खानी तथा खनिज पदार्थको संरक्षण

फ. भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास

उपदफा (३)

नगरपालिकाले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने सझा अधिकार संविधानको अनुसूची–९ मा उल्लेख भए बमोजिम हुने ।

उपदफा (४)

उपदफा (३) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायको विषयमा सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने :

क. खेलकूद र पत्रपत्रिका
ख. स्वास्थ्य
ग. विद्युत खानेपानी तथा सिंचाई जस्ता सेवाहरु सम्वन्धी,
घ. सेवा शुल्क, दस्तुर र दण्ड जरीवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क सम्वन्धी
ङ. वन, जङ्गल, वन्यजन्तु, चरा चुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्वन्धी
च. सामाजिक सुरक्षा र गरिवी निवारण सम्वन्धी
छ. व्यक्तिगत घटना, जन्म, मृत्यू र तथ्यांङ्क सम्वन्धी
ज. स्थानीय स्तरमा पुरातत्व, प्राचीन स्मारक र संङ्ग्रहालय संरक्षण, सम्वर्द्धन र पुनः निर्माण सम्वन्धी
झ. सुकुम्वासी व्यवस्थापन सम्वन्धी
ञ. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी सम्वन्धी
ट. सवारी साधन अनुमति सम्वन्धी

(५) उपदफा (१) र (३) मा उल्लिखित अधिकारका अतिरिक्त नगरपालिकाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने :

क. भूमि व्यवस्थापन
ख. सञ्चार सेवा
ग. यातयात सेवा

(२) वडा समितिको काम, कर्तव्य र अधिकारः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२(१) बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुने ।उपदफा (१) बमोजिम कार्यपालिकाले वडा समितिको काम, कर्तव्य र अधिकार तोक्दा कम्तीमा देहाय बमोजिम हुने गरी तोक्नु पर्नेछ ।

क. वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनः

(१) सहभागीतामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग संङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

(२) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरुका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,

(३) वडाभित्र योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

ख. तथ्यांङ्क अद्यावधिक तथा संरक्षण :

(१) निजी घर परिवारको लगत राख्ने,

(२) ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक ऐलानी पर्ति, जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,

(३) खुल्लाक्षेत्र, चोक, घाट, पाटीपौवा, सत्तल, धर्मशाला, धार्मिक तथा साँस्कृतिक स्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो, नहर, पानीघट्ट, मिलको तथ्यांङ्क र सूचना सहितको वडाको पाश्र्वचित्र तयार तथा अध्यावधिक गर्ने,

ग. विकास कार्य

१. बाल उद्यानको व्यवस्था गर्ने,
२. अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल बिकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,
३. पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बाल क्लव तथा बालक्ल तथा बाल सञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,
४. वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,
५. खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,
६. पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,
७. वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
८. शहरी तथा ग्रामीण स्वास्थ्य स्वास्थ्य ल्किनिकको सञ्चालन गर्ने, गराउने,
९. सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, गराउने,
१०. वडा स्तरीय सामुदायिक धाराको प्रवन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,
११. घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,
१२. कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडा स्तरीय अगुवा कृषक तालीमको अभिमूखीकरण गर्ने,
१३. कृषि बीउ विजन, मल तथा औषधिको माग सङ्कलन गर्ने,

१४. कृषिमा लाग्ने रोगहरुको बिवरण सङ्कलन गर्ने,

१५. पशुपंक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन गर्ने,

१६. वडाभित्रको चरण क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

१७. स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा साँस्कृतिक कार्यक्रम गर्ने गराउने,

१८. स्थानीय मौलिकता झल्किने साँस्कृतिक रितिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने,

१९. वडाभित्र खेलकूद पूर्वाधारको विकास गर्ने,

२०. अन्तर विद्यालय तथा क्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने,

२१. वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

२२. वडा भित्रका सडक अधिकार क्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

२३. बाटोघाटोमा बाढी पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध हटाउने,

२४. घरेलु उद्योगको लगत संकलन तथा संभाव्यता पहिचान गर्ने,

२५. वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,

२६. प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख सङ्कलन तथा संरक्षण गर्ने,

२७. व्यक्तिगत घटना दर्ता सम्वन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

२८. सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,

२९. वडालाई बालमैत्री बनाउने,

३०. वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठनागरिक, अल्पसंख्यक, सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने,

३१. विभिन्न समुदाय वीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने,

३२. बालविवाह, बहुविवाह, लैंङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरिति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने।

३३. प्रचलित कानूनको अधिनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, बहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी सम्वन्धित गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन सहित बुझाउने,

३४. अशक्त बिरामी भएको वेवारिस वा असहाय व्यक्तिलाई नजिकको अश्पताल वा स्वास्थ्य केन्द्रमा पुर्याई औषधोपचार गराउने,

३५. असहाय वा बेवारिस व्यक्तिको मृत्यू भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,

३६. सडक बालबालिकाको उद्धार र पुनस्थापनाको लागि लगत सङ्कलन गर्ने,

३७. वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,

३८. वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने, गराउने,

३९. वडालाई वातावरणमैत्री बनाउने,

४०. प्राङ्गरिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवद्र्धनात्मक कार्यहरु, गर्ने गराउने,

४१. वडाभित्र घरवास पर्यटन (होम स्टे) कार्यक्रम प्रवद्र्धन गर्ने।

घ. नियमन कार्यः

१. वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरुका कार्यको अनुगमन तथा नियमन गर्ने,

२. सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालीम दिने,

३. खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामाग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षणगर्ने,

४. वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवद्र्धन गरी लगत राख्ने,

५. हाट बजारको व्यवस्थापन गर्ने, गराउने,

६. विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने,

छ. सिफारिस तथा प्रमाणित गर्ने कार्यः

१. नाता प्रमाणित गर्ने,

२. नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,

३. बहाल करको लेखाजोखा सिफारिस,

४. बन्द घर तथा कोठा खोल्न रोहवरमा बस्ने ,

५. मोही लगत कट्टाको सिफारिस,

६. घर जग्गा करको लेखाजोखा सिफारिस,

७. जन्म मिति प्रमाणित गर्ने,

८. व्यापार व्यवसाय वन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने,

९. विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,

१०. निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,

११. वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अंग्रेजी भाषामा समेत सिफरिस तथा प्रामाणित गर्ने,

१२. घर पाताल प्रमाणित गर्ने,

१३. व्यक्तिगत बिवरण प्रमाणित गर्ने,

१४. जग्गाधनी दर्ता प्रमाणपूर्जामा घर कायम गर्ने सिफारिस गर्ने,

१५. कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक–फरक परेको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,

१६. नाम, थर जन्म मिति संशोधनको सिफारिस गर्ने,

१७. जग्गाधनी दर्ता प्रमाण पूर्जा हराएको सिफारिस गर्ने,

१८. कित्ताकाट गर्न सिफारिस गर्ने,

१९. संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,

२०. जीवितसँगको नाता प्रमाणित गर्ने,

२१. मृतकसँगको नाता प्रमाणित गर्ने,

२२. जीवित रहेको सिफारिस गर्ने,

२३. हकवाला वा हकदार प्रमाणित गर्ने,

२४. नामसारी गर्न सिफारिस गर्ने,

२५. जग्गाको हक सम्वन्धमा सिफारिस गर्ने,

२६. उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,

२७. आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,

२८. जग्गा मूल्यांङ्कन सिफारिस गर्ने,

२९. विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,

३०. अशक्त असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,

३१. वैवाहिक अंङ्गीकृत सिफारिस गर्ने,

३२. आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्वन्धी सिफारिस गर्ने,

३३. विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,

३४. धारा तथा विद्युत जडानको सिफारिस गर्ने,

३५. प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिम अन्य सिफारिस वा प्रमाणित गर्ने।

(झ) नगर कार्यपालिका र वडा कार्यालयको स्वीकृत दरवन्दी तथा पदपूर्तिको बिवरण

१) नगर कार्यपालिकातर्फः

स्वीकृत दरवन्दी				पदपूर्तिको अवस्था						सम्पर्क नम्बर	मुख्य जिम्मेवारी	कैफियत
शाखा/उपशाखा /इकाई	पदनाम	तह	पद संख्या	निजामती	साविक स्थानीय निकाय		सेवा करार	अन्य	रिक्त			
					स्थायी	अस्थायी						
प्रमुख	प्रमुख प्रशासकीय अधिकृत	दशौं	१	रा.प.द्वितीय विनोद कुमार दाहाल					०	९८५२८२३१११	प्रमुख	
प्रशासन उपशाखा	अधिकृत	छैठौं	१	अधिकृत छैठौं सुस्मा आचार्य					०	९८५२८२३३३३	प्रशासन	
	सहायक	चौथो	१		सहायक चौथो राजेन्द्र कुमार खत्री				०	९८४२९८१२७०	भण्डार व्यवस्थापन	
							हे.स.चा. तेञ्जि शेर्पा		०	९८६२९१६६८७	दमकल, ट्रिपर	
							हे.स.चा. महेश मगर		०	९८६६४४६५६६	व्याक होइ लोडर र रोलर	
							ह.स.चा. टेक प्रसाद अधिकारि		०	९८५२८४०४०२	चार पाङ्ग्रे हल्का सवारी	
							हे.स.चा. अश्विन घिमिरे		०	९८४२९३९६६७	चार पाङ्ग्रे हेभि/हल्का सवारी र ट्रिपर	
							ह.स.चा. विनोद कटवाल		०	९८६०७२९८८१	चार पाङ्ग्रे हल्का सवारी	
							का.स.श्री केसरी वि.क.		०	९८६१७०१२९५	कार्यालय सरसफाई तथा चिया पानी व्यवस्थापन	

							का.स.गीता बस्नेत (खडका)		०	९८४२९३९७१६	कार्यालय सरसफाई तथा दर्ता चलानी	
							स्वीपर खुन्ते दमाई		०	९८४२९९३५७७	सार्वजनिक स्थाल सरसफाई तथा फोहर संकलन	
राजश्व उपशाखा	सहायक	पाँचौ	१		सहायक पाँचौ शिवराज प्रधान				०	९८४२९६७४०२	कर प्रशासन सम्बन्धी	
	का.स.						मदन तामाङ		०	९८४९३८२२६६	कार्यालय सरसफाई र शाखागत काममा सहयोग	
योजना तथा अनुगमन उपशाखा	सहायक	पाँचौ	१		सहायक चौथो गोपाल कटवाल				०	९८६२८१५९५१		
पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा	सि.डि.ई.	नवौं/ दशौं	१	इञ्जिनियर छैठौं (प्रा.) दिब्य श्रेष्ठ					०		सडक तथा अन्य पूर्वाधारहरु व्यवस्थापन सम्वन्धी	
	का.स.				हरि बहादुर श्रेष्ठ							
सडक तथा अन्य पूर्वाधार विकास शाखा	इञ्जिनियर	सातौ/ आठौं	१	इञ्जिनियर छैठौं (प्रा.) रमेश ब्लोन तामाङ					०	९८४३३१२७४८	सर्भे, डिजाइन, ल.इ.अनुगमन र घर नक्सा पास सम्बन्धी काम	
	अमिन	चौथो	१	दिपेन्द्र न्यौपाने					०	९८४८२६२६२२		
वातावरण सरसफाई तथा विपद् व्यवस्थापन	सहायक	पाँचौं	१	रिक्त					१		वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन	

उपशाखा											सम्वन्धी	
स्वास्थ्य तथा सामाजिक विकास शाखा	जनस्वास्थ्य अधिकृत	सातौ/ आठौं	१	जनस्वास्थ्य अधिकृत पवन कुमार लामा					०	९८४२८४१९४७	स्वास्थ्य सेवा प्रवाहका लागि समन्वय तथा व्यवस्थापन	
	हेल्थ असिस्टेन्ट	पाँचौ/ छैठौं	१	ज.स्वा.नि. छैटौं आइत बहादुर राई					०	९८५२८४०९०९		
	प.हे.न.	पाँचौ/ छैठौं	१	सि.अ.न.मि.नि. छैटौं हरिमाया श्रेष्ठ					०	९८४२९२८६७३		
	का.स.		१				सुजन ओझा		०	९८६१०२७९६१		
	का.स.		१				सरस्वती तामाङ		०	९८१५७२२३७१		
सामाजिक सुरक्षा तथा पञ्जिकरण उपशाखा	सहायक	पाँचौ	१				कम्प्यूटर अपरेटर पदम परियार		०	९८५१०३२७१५	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिमका कामहरु	
पञ्जिकरण सेवा इकाई	MIS अपरेटर	पाँचौं	१				तारा राई		०	९८६२८०५९२५	व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रम लाई अनलाइन प्रणालीबाट दर्ता गर्न सहयोग गर्ने	
	फिल्ड सहायक	चौथो	१				रञ्जु घिमिरे		०	९८४२९९०३१५		
	फिल्ड सहायक	चौथो	१				विन्दा तामाङ		०	९८६९३३२५५७		
महिला बालबालिका तथा समाज कल्याण उपशाखा	महिला विकास निरीक्षक	पाँचौं	१	अधिकृत छैटौं सरिता तामाङ्					०	९८४२९४०६०७	बालबालिका, अपाङ्ग र ज्येष्ठ नागरिक सम्बन्धी	
	स.म.वि. निरीक्षक	चौथो	१	स.म.वि.नि.सहायक चौथो कल्पना आचार्य					०	९८४२९०५१२०		

कानून इकाई		पाँचौं	१	रिक्त					१		स्थानीय कानूनहरु निर्माण र न्यायिक समितिको कार्य सम्पादनमा सहयोग	
शिक्षा, युवा तथा खेलकूद शाखा	अधिकृत	नवौं/ दशौं	१	रिक्त					१		मा.वि.तह सम्मको शिक्षा व्यवस्थपन ,अनुगमन र नियमन	
	अधिकृत	सातौ/ आठौं	१	फणिन्द्र बहादुर कटवाल					१	९८४१११४८२३		
	प्रा.स.	पाँचौं	१	नारायण गोपाल ढकाल					०	९८४२८८८८५२		
आर्थिक विकास, उद्योग तथा व्यवसाय प्रवद्र्धन उपशाखा	सहायक	पाँचौं	१	रिक्त					१		उद्योग तथा व्यवसाय प्रवद्र्धन सम्वन्धी सबै काम	
	का.स.				दोस्रा बहादुर कार्की				०			
कृषि विकास इकाई	अधिकृत	छैठौं	१	प्रा.स.सहायक पाँचौ भिम बहादुर दर्जी					०	९८५११६३३८०	कृषि सेवा सम्वन्धी सबै काम	
	सहायक	चौथो	१	ना.प्रा.स.सहायक चौथो बीरेन्द्र तामाङ्					०	९८५२०६११०३		
पशु विकास इकाई	अधिकृत	छैठौं	१	अधिकृत छैठौं कृष्ण बहादुर कार्की					०	९८४२९८१८५४	पशु सेवा सम्बन्धी सबै काम	
	सहायक	चौथो	१	ना.प.स्वा.(प्रा.) सहायक चौथो हिरा परियार					०	९८४९५०१५६३		
	सहायक	चौथो	१	ना.प.स्वा.(प्रा.) सहायक चौथो प्रमित मगर					०	९८६२८५४५७१		

	कार्यालय सहयोगी		१				नरेन्द्र कुमार यादव		०	९८६२९५५६९५		
आर्थिक प्रशासन शाखा	लेखा अधिकृत	सातौ/ आठौं	१	अधिकृत सातौं नरेश कटवाल					०	९८५२८४१११२	आर्थिक प्रशासन सम्बन्धी सबै काम	
	लेखापाल	पाँचौं	१		सहायक पाँचौ (लेखा) सुशिल श्रेष्ठ				०	९८४२८५८२८२		
	सह लेखापाल	चौथो	१	राजेन्द्र प्रसाद ढुंगाना						९८५२८३०६७२		
	का.स.		१		राजन कुमार दाहाल				०	९८६०६१५०१०		
आन्तरिक लेखा परीक्षण इकाई	आलेप सहायक	पाँचौ	१	कोपिला आचार्य						९८६२८१८३८७	आन्तरिक लेखा परीक्षण सम्बन्धी काम	
रोजगार सेवा केन्द्र	रोगार संयोजक		१	रिक्त					१		रोजगार सेवा सम्बन्धी	
	प्राविधिक	पाँचौ					प्राविधिक सहायक इश्वर पोखरेल		०	९८६९१८५९५६		

२) वडा कार्यालयतर्फः

वडा न	स्वीकृत दरवन्दी			पदपूर्तिको अवस्था						सम्पर्क नम्बर	जिम्मेवारी	कैफियत
	पद नाम	तह	पद संख्या		सविक स्थानीय निकाय		सेवा करार	अन्य	रिक्त			
					स्थायी	अस्थायी						
१	सहायक(प्र.)	चौथो	१	अन्जु कटवाल					०	९८४२९२८५६८	वडा सचिव	
	सहायक (प्रा.)	पाँचौं	१	असिस्टेन्ट सव इञ्जिनियर सुवास फुयाल					०	९८६२६१०९६७	सहायक (प्रा.)	
	कार्यालय सहयोगी		१				पूर्ण बहादुर श्रेष्ठ		०		कार्यालय सहयोगी	

२	सहायक (प्र.)	चौथो	१	अन्जु कटवाल					०	९८४२९२८५६८	वडा सचिव	
	सहायक (प्रा.)	चौथो	१	असिस्टेन्ट सव इञ्जिनियर प्रकाश दाहाल					०	९८६५४५३७५१		
३	सहायक (प्र.)	चौथो	१	सहायक चौथो सुष्मा लुइटेल					०	९८४२९८७३६७	वडा सचिव	
	सहायक (प्रा.)	पाँचौं	१	रिक्त					१			
	कार्यालय सहयोगी		१				ऋषिराम ओझा		०	९८४२९४०७३०		
	कार्यालय सहयोगी		१				गीता खत्री		०			
४	सहायक (प्र.)	चौथो	१		वडा सचिव सहायक चौथो (प्र.) चोलेन्द्र खतिवडा				०	९८४२८९५५५९	वडा सचिव	
	सहायक (प्रा.)	पाँचौ	१				टिका प्र.दाहाल		०	९८४२९३११६५		
	कार्यालय सहयोगी		१				गोमा कटवाल		०	९८६२८५१४७७		
५	सहायक (प्र.)	चौथो	१		वडा सचिव सहायक चौथो (प्र.) कृष्ण प्रसाद दाहाल				०	९८६२८१५५१३	वडा सचिव	
	सहायक (प्रा.)	चौथो	१				ज्ञान बहादुर राई		०	९८६०४४७९८४		
	कार्यालय सहयोगी		१				रिता दाहाल		०	९८४२८५९९५३		
६	सहायक (प्र.)	चौथो	१	गोपाल बहादुर कटवाल					०	९८६२८१५९५१	वडा सचिव	
	सहायक (प्रा.)	चौथो		असिस्टेन्ट सव इञ्जिनियर सविन राई						९८४५४८३९७		
	कार्यालय सहयोगी		१				युद्ध बहादुर मगर		०	९८४०६६७६५६		
७	सहायक (प्र.)	चौथो	१	राजेन्द्र कुमार खत्री						९८४२९८१२७०	वडा सचिव	
	सहायक (प्रा.)	पाँचौ	१	रिक्त					०	९८४०५३०६६६		
	कार्यालय सहयोगी		१				काजी शेर्पा		०	९७४३०६८२५१		

८	सहायक (प्र.)	चौथो	१	सहायक चौथो (प्र.) लक्ष्मी आचार्य					०	९८६२८६७७६५	वडा सचिव	
	सहायक (प्रा.)	चौथो	१	असिस्टेन्ट सव इञ्जिनियर पेम्वा निङ्मा शेर्पा					०	९८४२९३४०६०		
	कार्यालय सहयोगी		१				कृष्ण गुरुङ्		०	९८६७८१३७३१		
९	सहायक (प्र.)	चौथो	१	रिक्त					०	९८४२८७१६५३	वडा सचिव	
	सहायक (प्रा.)	चौथो	१	असिस्टेन्ट सव इञ्जिनियर मुना ढकाल					०	९८६२८६५७३७		
	कार्यालय सहयोगी		१		प्रेम बहादुर खडका				०			
	कार्यालय सहयोगी		१				कल्पना बुढाथोकी		०	९८४२८५८०२८		
१०	सहायक (प्र.)	पाँचौ	१	असिस्टेन्ट सव इञ्जिनियर टिका प्रसाद धमला					०	९८६२९१७४६६	वडा सचिव	
	सहायक (प्रा.)	चौथो	१						१			
	कार्यालय सहयोगी		१				कविता वास्तोला (धमला)		०	९८६१४१६१८९		
११	सहायक (प्र.)	चौथो	१		सहायक चौथो (प्र.) चुडामणि दाहाल				०	९८४२९४१३२१	वडा सचिव	
	सहायक (प्रा.)	पाँचौ	१		खा.पा.स.टे. सहायक चौथो दिल कुमार बुढाथोकी				०	९८४२९३१२२५	सहायक (प्रा.)	
	कार्यालय सहयोगी		१				अनुसा कार्की (वानिया)		०	९८६२६२९२३२	कार्यालय सहयोगी	
१२	सहायक (प्र.)	पाँचौं	१		सहायक पाँचौं (प्र.) सुनिता निरौला				०	९८४९८१८४३१	वडा सचिव	
	सहायक (प्रा.)	चौथो	१		असिस्टेन्ट सव इञ्जिनियर राजेन्द्र कुमार श्रेष्ठ				०	९८५२८४०८३६		
	कार्यालय सहयोगी		१		पदम बहादुर मगर				०	९८६२६०९५४२		

३) नगर प्रहरी सेवा इकाई तर्फः

क्र.सं.	नाम थर	पद	सम्पर्क नम्बर	कैफियत
१	कामे शेर्पा	हवल्दार	९८६२५०६८६६	कमाण्डर
२	भानुलक्ष्मी गिरी	जवान	९८४५६१७८९४	
३	कौशिला गुरुङ्ग	जवान	९८६२८६५९१६	
४	गोकर्ण कुमार मगर	जवान	९८६९८०८१७१	
५	विमल वस्नेत	जवान	९८२५७२७७६७	
६	सुमन दाहाल	जवान	९८६३९१७६३२	

४) फोहरमैला संकलकहरुः

क्र.सं.	नाम थर	कार्यक्षेत्र	सम्पर्क नम्बर	कैफियत
१	गोमा नेपाली	वार्ड नं.१२ को गणेश भैरवटोल क्षेत्र	९८४२९२९४२५	
२	सीता भुजेल	वार्ड नं. ४ को रुम्जाटार क्षेत्र		
३	इन्दिरा के.सी.	वार्ड नं. १२ को जि.स.स./नयाँबजार क्षेत्र	९८४०३१५०८४	
४	शारदा कार्की	वार्ड नं.११ को रमाइलोडाँडा क्षेत्र	९८६३९१५५७८	
५	रत्न शोभा राई	वार्ड नं.११ को रामबजार क्षेत्र	९८२४७९२२२१	
६	कल्पना विश्वकर्मा	वार्ड नं.११ को गोरुमारे क्षेत्र	९८०४७५१८०९	

(ञ) नगर कार्यपालिका मातहतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा सम्वन्धी बिवरण (नागरिक बडापत्र)

क्र.सं.	सेवा सुविधाको बिवरण	सेवा लिनका लागि आवश्यक प्रमाण कागज र प्रक्रिया	सेवा लिँदा लाग्ने शुल्क/दस्तुर	सेवा लिन लाग्ने समय	सेवा दिने जिम्मेवार पदाधिकारी	गुनासो सुन्ने अधिकारी
१	नाता प्रमाणित	• निवेदक र निजका के के नाताका को को सँग नाता प्रमाणित गरिनुपर्ने हो ?सो सम्वन्धी बिवरण खुलेको निवेदन • निवेदक र नाता प्रमाणित गरिनुपर्ने व्यक्तिहरुवीच एक आपसमा नाता देखिने कागजात(नागरिकता, जन्म/मृत्यू/विवाह दर्ता प्रमाण पत्र) को फोटोकपि • नाता प्रमाणित गर्नुपर्ने सम्वन्धित व्यक्तिहरुको पासपोर्ट साइजको फोटो २/२ प्रति • आवश्यकताको आधारमा स्थलगत सरजमिन बुझ्न सकिने	☞ स्थानीय प्रयोजन प्रति प्रमाणित रु.१००।– ☞ वैदेशिक सेवाको पेन्सन नामसारी प्रयोजन प्रति प्रमाणित रु.४००।– ☞ वैदेशिक अध्ययनको लागि प्रति प्रमाणित रु.५००।–	१५ मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
२	नागरिकता सिफारिस	☞ नागरिकता लिनेको नाम, थर, वतन, जन्म मिति र बावु आमाको नाम समेत खुलेको निवेदन ☞ निवेदकको बावु , आमा वा आफ्ना बंशतर्फका तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकपि, ☞ जन्म दर्ता प्रमाण पत्रको फोटोकपि, ☞ विवाहित महिलाको हकमा पति र आमाबावुको नगरिकता प्रमाण पत्र र विवाह दर्ता प्रमाण पत्रको फोटोकपि, ☞ विद्यार्थीको हकमा जन्म मिति उल्लेख भएको चारित्रिक प्रमाण पत्रको फोटोकपि, ☞ अन्यत्रबाट बसाई सरी आएको भए बसाई सराई प्रमाण पत्रको फोटोकपि, ☞ दुवै कान देखिने अटो साइजको फोटो ३ प्रति	☞ सर्जमिन बुझ्नु नपर्नेमा रु.१५०। ☞ सर्जमिन बुझ्नु पर्नेमा रु.५००।–	१५ मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष

३	नागरिकताको प्रतिलिपि सिफारिस	• निवेदकको नाम, थर, वतन, जन्म मिति, तीनपुस्ते बिवरण नागरिकता लिएको मिति खुलेको सिफारिस • दुवै कान देखिने अटो साइजको फोटो ३ प्रति • विवाहित महिला भएमा विवाह दर्ता प्रमाण पत्र • बसाई सरी आएको भए बसाइ सराई दर्ताको प्रमाण पत्र	☞ प्रति सिफारिस रु. २००।-	१५ मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
४	बहाल करको लेखाजोखा सिफारिस	• निवेदन मागको सिफारिस • निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • बहाल सम्झौता	☞ प्रति सिफारिस रु.१००।–	१५ मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
५	बन्द घर तथा कोठा खोल्न रोहवरमा बस्ने	• आवश्यक बिवरण खुलेको निवेदन • निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकपि • बहाल कर सम्झौताको सिफारिस • जिल्ला प्रशासन कार्यालयको पत्र • स्थानीय प्रहरी कार्यालयको प्रतिनिधि	☞ प्रति सिफारिस रु.१००।–	निवेदन दिएको भोलिपल्ट	वडा अध्यक्ष	वडा अध्यक्ष
६	मोही लगत कट्टाको सिफारिस गर्ने	• मोही लगत कट्टा गर्नुपर्ने बिवरण खुलेको निवेदन • निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रमाणित प्रतिलिपि • जग्गाको प्रमाणित नापी नक्सा • आवश्यकताको आधारमा स्थलगत सर्जमिन बुझिने	☞ प्रति सिफारिस रु.१००।–	सर्जमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सर्जमिन बुझ्नुपर्दा भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष

७	घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने	☞ सिफारिस मागको निवेदन ☞ निवेदकको नागरिकताको प्रतिलिपि ☞ घर जग्गाको कर तिरेको प्रमाण रसिद ☞ सो सम्वन्धी पुष्ट्याई दिने अन्य कागजहरु	☞ प्रति सिफारिस रु.१००।–	२० मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
८	जन्म मिति प्रमाणित गर्ने	• सिफारिस मागको निवेदन • निवेदकको नागरिकताको प्रमाण पत्र र नावालखको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि • बसाईँ सरी आएको भए सो को प्रमाण पत्र	☞ प्रति सिफारिस रु.१००।–	१५ मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
९	व्यापार व्यवसाय बन्द भएको सिफारिस	• बन्द भएको व्यवसायको बिवरण खुलेको निवेदन • नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • चालु आर्थिक बर्ष सम्मको व्यवसाय नवीकरण भएको प्रमाण • भाडाको घरमा व्यवसाय सञ्चालन गरेको भए भाडा सम्झौता	☞ प्रति सिफारिस रु.१००।–	१५ मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
१०	व्यवसाय सञ्चालन नभएको सिफारिस	• व्यवसाय सञ्चालन नहुनको कारण सहितको निवेदन • निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकपि • व्यवसाय दर्ता गरी चालु आ.व.सम्मको लागि नवीकरण गरेको प्रमाण • भाडाको घरमा व्यवसाय गरेको भए भाडा सम्झौता	☞ प्रति सिफारिस रु.१००।–	१५ मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
११	व्यापार व्यवसाय हुँदै नभएको सिफारिस	• सिफारिस मागको निवेदन • निवेदकको नागरिकताको प्रतिलिपि • स्थलगत सरजमिन मुचुल्का	☞ प्रति सिफारिस रु.१००।–	सर्जमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सर्जमिन बुझ्नुपर्दा भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष

१२	विवाहित प्रमाणीकरण सिफारिस	• सिफारिस मागको निवेदन • निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि • पेश भएको कागजातबाट प्रमाण नखुलेको अवस्थामा स्थलगत सर्जमिन • नगरपालिकालाई चालु आ.व.मा बुझाउनुपर्ने कर दस्तुर चुक्ता गरेको रसिद	☞ प्रति सिफारिस रु.१००।–	१५ मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
१३	अविवाहित प्रमाणीकरण सिफारिस	• निवेदकको नाम, थर, वतन, जन्म मिति र तीनपुस्ते बिवरण खुलेको निवेदन • निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • पासपोर्ट साइजको दुई प्रति फोटो • स्थलगत सरजमिन मुचुल्का • नगरपालिकालाई चालु आ.व.मा बुझाउनुपर्ने कर दस्तुर चुक्ता गरेको रसिद	☞ प्रति सिफारिस रु.५००–	निवेदन दिएको भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
१४	निशुल्क वा सशुल्क स्वस्थ्य उपचारको सिफारिस गर्ने	• सिफारिस मागको निवेदन • निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • अस्पतालले दिएको रोग निदान (पहिचान) पत्र • विपन्नताको अवस्था खुलेको कुनै प्रमाण कागज भए	☞ प्रति सिफारिस रु.१००।–	१० मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
१५	अंग्रेजी भाषामा गरिने सिफारिस तथा प्रमाणित	• सिफारिस मागको निवेदन • निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • सिफारिसको व्यहोरा पुष्टयाई गर्ने कागजातहरुको प्रतिलिपि • आवश्यकताको आधारमा स्थलगत सरजमिन बुझिने	☞ प्रति सिफारिस रु.५००।–	सर्जमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सर्जमिन बुझ्नुपर्दा भोलिपल्ट		

१६	घर पाताल प्रमाणित गर्ने	• सिफारिस मागको निवेदन • घरको नक्सा, नक्सा पासको प्रमाण • आवश्यकताको आधारमा स्थलगत सरजमिन मुचुल्का	☞ प्रति सिफारिस रु.१००।–	सर्जमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सर्जमिन बुझ्नुपर्दा भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
१७	व्यक्तिगत बिवरण प्रमाणित गर्ने	• सिफारिस मागको निवेदन • निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • बिषयसँग सम्वन्धित अन्य प्रमाण कागज भए	☞ प्रति सिफारिस रु.१००।–	१० मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
१८	जग्गाधनी दर्ता प्रमाण पूर्जामा घर कायम गर्ने सिफारिस	• घर कायम गरीपाउँ भन्ने व्यहोराको सिफारिस • निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • सम्वन्धित जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि • भवन निर्माण कार्य सम्पन्न प्रमाण पत्र • जग्गाको प्रमाणित नापी नक्सा	☞ प्रति सिफारिस रु.१००।–	१० मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
१९	व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक–फरक भएको भए सो व्यक्ति एउटै हो भन्ने सिफारिस	• निवेदकको तीनपुस्ते बिवरण सहितको निवेदन • निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • नाम, थर, जन्म मिति तथा वतन फरक भएको पुष्टि गर्ने कागज प्रमाण • आवश्यकता अनुसार स्थलगत सरजमिन मुचुल्का	☞ प्रति सिफारिस रु.१००।–	सर्जमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सर्जमिन बुझ्नुपर्दा भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष

२०	नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने	• निवेदकको तीनपुस्ते बिवरण सहितको निवेदन • निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • संशोधनको लागि पुष्ट्याई दिने कागज प्रमाण • आवश्यकताको अनुसार स्थलगत सरजमिन मुचुल्का	☞ प्रति सिफारिस रु.१००।–	सर्जमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सर्जमिन बुझ्नुपर्दा भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
२१	जग्गाधनी दर्ता प्रमाण पुर्जा हराएको सिफारिस गर्ने	• निवेदकको तीनपुस्ते बिवरण सहितको निवेदन • निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि भएमा	☞ प्रति सिफारिस रु.१००।–	१० मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
२२	कित्ता काट गर्न सिफारिस गर्ने	• निवेदकको तीनपुस्ते बिवरण सहितको निवेदन • निवेदकको नागरिकता प्रमाण पत्रको फोटोकपि • कित्ता काट गरिनुपर्ने जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जा र ब्लू प्रिन्ट नक्सा	☞ प्रति सिफारिस रु.१००।–	१० मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
२३	संरक्षक प्रमाणित(संस्थागत)	• संस्थाको चिट्ठी • संस्था नवीकरणको निस्सा,विधान र नियमावलीको प्रतिलिपि • संस्थाले घर बहालमा लिएको भए बहाल सम्झौता • आवश्यकताको आधारमा सरजमिन बुझ्न सकिने • संरक्षक दिनेको नागरिकताको प्रतिलिपि • आवश्यकताको आधारमा स्थलगत सरजमिन बुझिने	☞ प्रति सिफारिस रु.१००।–	सर्जमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सर्जमिन बुझ्नुपर्दा भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
२४	संरक्षक प्रमाणित(व्यक्तिगत)	• सिफारिस मागको निवेदन • संरक्षक दिने र लिनेको नागरिकता प्रमाण पत्रको प्रतिलिपि • स्थलगत सरजमिन मुचुल्का	☞ प्रति सिफारिस रु.१००।–	सर्जमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सर्जमिन बुझ्नुपर्दा भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष

२५	जीवितसँगको नाता प्रमाणित	• सिफारिस मागको निवेदन • क–कस्को बीचमा नाता प्रमाणित गर्ने हो एक आपसमा नाता खुल्ने कागजात तथा नागरिकताको प्रतिलिपि • नाता प्रमाणित गरिनुपर्ने व्यक्तिहरुको फोटो २÷२ प्रति • आवश्यकताको आधारमा स्थलगत सरजमिन बुझिने	☞ स्थानीय प्रयोजन प्रति प्रमाणित रु.१००।– ☞ वैदेशिक सेवाको पेन्सन नामसारी प्रयोजन प्रति प्रमाणित रु.४००।– ☞ वैदेशिक अध्ययनको लागि प्रति प्रमाणित रु.५००।–	सर्जमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सर्जमिन बुझ्नुपर्दा भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
२६	मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस	• सिफारिस मागको निवेदन • मृतकसँग नाता खुल्ने प्रमाण कागजको प्रतिलिपि • मृतकको मृत्यू दर्ता प्रमाण पत्र र नागरिकताको प्रतिलिपि • मृतकका हकदारहरुको नागरिकताको प्रतिलिपि • हकवाला नावालख भए जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि • बसाइँ सरी आएको भए बसाइँ सराई प्रमाण पत्रको प्रतिलिपि • हकदारहरुको पासपोर्ट साईजको फोटो ४/४ प्रति • स्थलगत सर्जमिन मुचुल्का	☞ स्थानीय प्रयोजन प्रति प्रमाणित रु.१००।– ☞ वैदेशिक सेवाको पेन्सन नामसारी प्रयोजन प्रति प्रमाणित रु.४००।– ☞ वैदेशिक अध्ययनको लागि प्रति प्रमाणित रु.५००।–	निवेदन दिएको भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
२७	जीवित रहेको सिफारिस	• व्यक्ति स्वयम् उपस्थित भई निवेदन दिनुपर्ने • निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • दुई प्रति पासपोर्ट साइजको फोटो	☞ प्रति सिफारिस रु.१००।–	१० मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
२८	हकवाला वा हकदार (पारिवारिक विवरण) प्रमाणित	• सिफारिस मागको निवेदन • निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • हकवाला वा हकदार पुष्ट्याई गर्ने प्रमाण कागजहरु • स्थलगत सरजमिन मुचुल्का	☞ वैदेशिक पेन्सन नामसारी प्रयोजन रु.१०००।– ☞ अन्य प्रयोजन रु.१००।–	निवेदन दिएको भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष

२९	नामसारी गर्न सिफारिस गर्ने	• सिफारिस मागको निवेदन • निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • नामसारीका लागि पुष्टयाई गर्ने प्रमाण कागज • स्थलगत सरजमिन मुचुल्का	☞ प्रति सिफारिस रु.५००।–	निवेदन दिएको भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
३०	जग्गाको हक सम्वन्धमा सिफारिस गर्ने	• सिफारिस मागको निवेदन • निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • हक पुष्टयाई गर्ने प्रमाण कागज	☞ प्रति सिफारिस रु.१००।–	निवेदन दिएको भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
३१	उद्योग ठाउँसारी गर्ने सिफारिस	• सिफारिस मागको निवेदन • उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि • घर/जग्गा बहालमा लिई उद्योग सञ्चालन गरेको भए बहाल सम्झौताको प्रतिलिपि • चालु आर्थिक बर्ष सम्मका लागि उद्योग नवीकरण भएको प्रमाण कागज	☞ प्रति सिफारिस रु.१००।–	१० मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
३२	आधारभूत विद्यालय खोल्नका लागि गरिने सिफारिस	• विद्यालय खोल्न गरिएको निर्णय उतार • गुठी अन्तरगत विद्यालय सञ्चालन गर्ने भए शैक्षिक गुठीको विधानको प्रतिलिपि • जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच बर्षसम्मको लागि घर वा जग्गा बहालमा लिने गरी गरिएको सम्झौता • प्रस्तावित विद्यालय क्षेत्रको शैक्षिक नक्सा	☞ प्रति सिफारिस रु.१००।– ☞ दशलाख सम्मको मूल्यांङ्कनमा रु.५००।- ☞ दशलाख एकदेखि पच्चीस लाख सम्मको मूल्यांङ्कनमा रु.१०००।- ☞ पच्चीस लाख एक देखि पचास लाख सम्मको मूल्यांङ्कनमा रु.२५००।– ☞ पचास लाख एकदेखि एक करोड सम्मको मूल्यांङ्कनमा रु.५०००।– ☞ एक करोडभन्दा माथिको मूल्यांङ्कनमा रु.७०००।–			
३३	जग्गा तथा घर मूल्यांङ्कन सिफारिस	• सिफारिस मागको निवेदन • निवेदकको नागरिकताको प्रतिलिपि • मूल्याङ्कन गरिनुपर्ने जग्गाको धनिपूर्जाको प्रतिलिपि • आवश्यकताको आधारमा स्थलगत सर्जमिन मुचुल्का		३० मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष

३४	विद्यालयको कक्षा थप सिफारिस	• सम्वन्धित विद्यालयको चिठी • हाल सञ्चालित कक्षासम्म सञ्चालनका लागि प्राप्त स्वीकृति पत्रको फोटोकपि • बहालमा सञ्चालन गरिएको भए बहाल सम्झौता पत्रको प्रतिलिपि	☞ प्रति सिफारिस रु.१००।–	१५ मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
३५	अशक्त, असहाय तथा अनाथको पालनपोषणको लागि सिफारिस	• सिफारिस मागको निवेदन • व्यहोरा पुष्ट्याई गर्ने कागजात • स्थलगत सरजमिन मुचुल्का	☞ प्रति सिफारिस रु.१००।–	निवेदन दिएको भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
३६	वैवाहिक अंगिकृत नागरिकता सिफारिस	• सिफारिस मागको निवेदन • अंङ्गीकृत नागरिकता प्राप्त गर्न खोजेको स्पष्ट आधार • साविक मुलुकको नागरिकता परित्याग गरेको वा परित्याग गर्न कारवाही चलाएको पुष्टि गर्ने प्रमाण कागज • विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि • हालसालै खिचेको ३ प्रति फोटो • आवश्यकताको आधारमा स्थलगत सरजमिन बुझिने	☞ प्रति सिफारिस रु.७००।–	सरजमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सरजमिन बुझ्नुपर्दा भोलिपल्ट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
३७	आर्थिक अवस्था बलियो वा सम्पन्नता सिफारिस	• सिफारिसको लागि आवश्यक आधार खुलेको निवेदन • निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • जग्गाधनी दर्ता प्रमाण पूर्जा • अन्य आयस्रोत भए आयस्रोत खुल्ने कागजात	☞ प्रति सिफारिस रु.१००।–	१० मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
३८	आर्थिक अवस्था कमजोर वा विपन्नता सिफारिस	• सिफारिस मागको निवेदन • निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकपि • आर्थिक अवस्था कमजोर भएको पुष्टि गर्ने अन्य कागज भएमा	☞ प्रति सिफारिस रु.१००।–	१० मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष

३९	विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने	• सम्वन्धित विद्यालयको पत्र • विद्यालय सञ्चालन स्वीकृति पत्रको फोटोकपि • घर जग्गा बहालमा लिएको भए बहाल सम्झौताको प्रतिलिपि • ठाउँसारी गरी जाने र आउने वडा कार्यालयको सहमति पत्र	प्रति सिफारिस रु.१००।–	१५ मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
४०	धारा तथा विजुली जडानको लागि सिफारिस	• सिफारिस मागको निवेदन • निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • नगरपालिकाबाट पास गरिएको नक्साको प्रतिलिपि • जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि	☞ प्रति सिफारिस रु.५००।–	१० मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
४१	प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमका अन्य सिफारिस वा प्रमाणित	• सिफारिस मागको निवेदन • निवेदकको नागरिकताको प्रतिलिपि • माग पुष्ट्याई गर्ने कागजातहरुको प्रतिलिपि	☞ प्रति सिफारिस रु.१००।–	१५ मिनेट	वडा सचिव र वडा अध्यक्ष	वडा अध्यक्ष
४२	उद्योग/व्यवसाय दर्ता	• उद्योग/व्यवसाय गरिने घरको चारकिल्लाका जग्गाको कित्ता नं. र चारै किल्लाका सधियारहरुको नाम, ठेगाना खुलेको निवेदन, • निवेदकको नागरिकताको प्रमाण पत्रको फोटोकपि, • आफ्नै स्वामित्वको घरमा उद्योग ÷व्यवसाय गर्ने भए घरधनीको जग्गाधनी प्रमाण पूर्जाको फोटोकपि, • बहालको घर/जग्गामा व्यवसाय गर्ने हो भने घरधनीको धनीपूर्जा, मञ्जुरीनामा र बहाल सम्झौताको	☞ बार्षिक नवीकरण शुल्क वापतको रकम बराबर	सर्जमिन बुझ्नु नपर्नेमा १५ मिनेट र सर्जमिन बुझ्नुपर्दा भोलिपल्ट	सम्वन्धित वडाको वडा सचिव	सम्वन्धित वडाको वडा अध्यक्ष

		प्रतिलिपि • निवेदकको पासपोर्ट साईजको फोटो २ प्रति • आवश्यकताको आधारमा स्थलगत सर्जमिन मुचुल्का				
४३	जन्मदर्ता	• वालक/वालिकाको बाबु आमाको नागरिकताको प्रमाणपत्र • सूचना दिने (परिवारको मूख्य व्यक्ति) को नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • अस्पतालमा जन्मेको भए अस्पतालले दिएको जन्म प्रमाण पत्र • नाबालकको बाबु वा आमाले सूचना फाराम भरी पेश गर्नुपर्ने ।	☞ ३५ दिनभित्र दर्ता गरे शुल्क नलाग्ने ☞ ३५ दिन नाघेपछि रु.१००।–	१५ मिनेट	सम्वन्धित वडाको वडा सचिव	सम्वन्धित वडाको वडा अध्यक्ष
४४	मृत्यु दर्ता	• मृतकको नागरिकताको प्रमाण पत्र • नागरिकताको प्रमाण पत्र सहित परिवारको मूख्य व्यक्ति कार्यायमा सपस्थित भई सूचना दिनुपर्ने ।	☞ ३५ दिनभित्र दर्ता गरे शुल्क नलाग्ने ☞ ३५ दिन नाघेपछि रु.१००।–	१५ मिनेट	सम्वन्धित वडाको वडा सचिव	सम्वन्धित वडाको वडा अध्यक्ष
४५	विवाह दर्ता	• आ–आफ्नो नेपाली नागरिकताको प्रमाण पत्र सहित पति पत्नी दुवैजना कार्यालयमा उपस्थित भइ सूचना दिनुपर्ने • दर्ताद्वारा विवाह भएको भए सो को प्रमाण पत्रको फोटोकपी समेत संलग्न हुनुपर्ने ।	☞ ३५ दिनभित्र दर्ता गरे शुल्क नलाग्ने ☞ ३५ दिन नाघेपछि रु.१००।–	१५ मिनेट	सम्वन्धित वडाको वडा सचिव	सम्वन्धित वडाको वडा अध्यक्ष
४६	वसाइँ सराई दर्ता	• वसाइँ सरी जाने स्थानको जग्गाधनी प्रमाण पूर्जा र नागरिकताको प्रमाण पत्रको प्रतिलिपि • वसाइँ सरी जाने परिवारका सदस्यहरुको नाम थर, घरमूलीसँगको नाता र जन्म मिति सहितको विवरण • बसाइँ सरी आएको भए सरी आएको गा.पा./न.पा.ले दिएको बसाइँ सराई प्रमाणपत्रको प्रतिलिपि • माथि उल्लेखित कागजात सहित परिवारको मूख्य व्यक्तिले सूचना दिनुपर्ने	☞ ३५ दिनभित्र दर्ता गरे शुल्क नलाग्ने ☞ ३५ दिन नाघेपछि रु.१००।–	१५ मिनेट	सम्वन्धित वडाको वडा सचिव	सम्वन्धित वडाको वडा अध्यक्ष

४७	सम्बन्ध विच्छेद्	• नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकपि • अदालतको फैसला सहित सरोकारवाला व्यक्तिले सूचना दिनुपर्ने	☞ ३५ दिनभित्र दर्ता गरे शुल्क नलाग्ने ☞ ३५ दिन नाघेपछि रु.१००।–	१५ मिनेट	सम्वन्धित वडाको वडा सचिव	सम्वन्धित वडाको वडा अध्यक्ष
४८	अगाडी दर्ता गराएको व्यक्तिगत घटना दर्ता प्रमाण पत्रको प्रतिलिपि लिने	• प्रतिलिपि माग गरिएको निवेदन • निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि	☞ प्रति गोटा रु.१००।–	आधा घण्टा	स्थानीय पञ्जिकाधिकारी	प्रमुख प्रशासकीय अधिकृत
४९	सामाजिक सुरक्षा कार्यक्रमअन्त रगतको परिचय पत्र लिन	**परिचय–पत्र लिनका लागि दरखास्त दिनु पर्ने** • आगामी आ.व.को फागुन मसान्तभित्र उमेर(दलित ६० बर्ष र अन्य जाति ७०बर्ष) पुग्ने मिति उल्लेख गरी प्रत्येक बर्षको साउन १ देखि पुस मसान्तभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने । • दरखास्तसाथ २ प्रति पासपोर्ट साईजको फोटो र नागरिकता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्ने	☞ कुनै शुल्क दस्तुर नलाग्ने ☞ नागरिकताको प्रतिलिपि ☞ दरखास्तसाथ २ प्रति पासपोर्ट साईजको फोटो ☞ बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपि ☞ एकल महिलाले सम्वन्ध विच्छेद् दर्ता प्रमाण पत्र ☞ विधवा महिलाले पतिको मृत्यू दर्ताको प्रतिलिपि, ☞ अपाङ्गताको हकमा अपाङ्गता परिचय पत्रको प्रतिलिपि (कुनै शुल्क दस्तुर नलाग्ने)	उमेर पुग्ने मितिको आगामी चौमासिकदेखि भत्ता पाउने	वडा सचिव	प्रमुख प्रशासकीय अधिकृत
५०	• पतिसंग सम्वन्ध विच्देद् गरी वा विवाह नै नगरी बसेका ६० बर्ष उमेर पूरा भएका एकल महिलाहरु, • पतिको मृत्यू भएका जुनसुकै उमेरका एकल महिलाहरु • रातो रंगको अपाङ्गता अपाङ्गता परिचयपत्र प्राप्त गरेको नागरिकहरु • नीलो रंगको अपाङ्गता अपाङ्गता परिचयपत्र प्राप्त गरेका नागरिकहरु • एक परिवारका दलित परिवारको एक आमाबाट जन्मेका पाँचबर्ष मुनीका बढीमा दुई बालबालिकहरु(आफ्नो प्रमाण कागज सहित जहिलेसुकै दरखास्त दिन सकिने । बालबालिकाको हकमा बाबु वा आमाले दरखास्त दिनुपर्ने)		दरखास्त दिएको आगामी चौमासिकदेखि भत्ता पाउने	वडा सचिव	प्रमुख प्रशासकीय अधिकृत

(ट) स्वास्थ्य संस्थाबाट उपलव्ध हुने सेवाहरु सम्वन्धी नागरिक बडापत्रः

नागरिक बडापत्र						
क्र.सं.	**सञ्चालन गरिने सेवा/कार्यक्रम**	**स्थान**	**दिन/बार/समय**	**सेवा शुल्क**	**सेवाग्राही (लक्षित समूह)**	**जिम्मेवार कर्मचारी**
१	**खोप कार्यक्रमः** ▪ बि.सि.जि. ▪ डि.पि.टि. हेपाटाइटिस बी./HIB/PCV ▪ OPV/FIPV▪ दादुरा/रुबेला ▪ टि.डि. जे.ई.	**खोप केन्द्रहरुः** ▪ सम्वन्धित स्वास्थ्य संस्थाले तोके बमोजिम हुने ▪ एक संस्थाले कम्तीमा तीनवटाखोप क्लिनिक सञ्चालन गर्नुपर्ने	विहान ११ बजेदेखि अपरान्ह ४ (प्रत्येक महिनाको १०, ११र १२ गते)	निशुल्क	जन्मेदेखि २३ महिना उमेरका बालवालिका तथा गर्भवती महिलाहरु	हे.अ./ सि.अ.हे.व./ अ.हे.व./ अ.न.मि.
२	**पोषण कार्यक्रमः** ▪ ५ बर्ष मुनीका बच्चाको तौलअनुगमन ▪ भिटामिन ए वितरण र उपचार ▪ परजिवी (जुका) को रोकथाम तथा उपचार ▪ रक्त अल्पताको रोकथाम तथा उपचार, पोषण शिक्षा ▪ कुपोषित बालबालिका तथा गर्भवती आमाहरुको पोषण स्थिति निदान तथा उपचार	स्वास्थ्य संस्था, गाउँघर क्लिनिक र खोप क्लिनिक	▪ स्वास्थ संस्थामा विदाको दिन बाहेक प्रत्येक दिन ▪ गाउँघर र खोप क्लिनिक सञ्चालन भएको दिन	निशुल्क	जन्मेदेखि ५ बर्ष उमेरका बालवालिका र गर्भवती, सुत्केरी महिलाहरु	हे.अ./ सि.अ.हे.व./ अ.हे.व./ अ.न.मि.
३	**श्वासप्रश्वास रोग (एकीकृत बालरोग व्यवस्थापन)** ▪ श्वास, प्रश्वास रोगको निदान/उपचार ▪ स्वास्थ्य शिक्षा/प्रेषण सेवा	स्वास्थ्य संस्था	प्रत्येक दिनको विहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म(बिदाको दिन बाहेक)	निशुल्क	जन्मेदेखि ५ बर्ष सम्मका बालवालिकाहरु	हे.अ./ सि.अ.हे.व./ अ.हे.व./ अ.न.मि.
४	**झाडा पखाला रोग (एकीकृत बालरोग व्यवस्थापन)**	स्वास्थ्य संस्था	प्रत्येक दिनको विहान १० बजेदेखि अपरान्ह ५	निशुल्क	जन्मेदेखि ५ बर्ष सम्मका बालवालिकाहरु	हे.अ./ सि.अ.हे.व./

	▪ झाडा पखाला रोगको निदान/उपचार ▪ पुनर्जलीय झोल र जिंक चक्की बितरण ▪ स्वास्थ्य शिक्षा/प्रेषण सेवा		बजेसम्म (बिदाको दिन बाहेक)			अ.हे.व./ अ.न.मि.
५	**परिवार नियोजन कार्यक्रमः** ▪ अस्थायी साधन (कण्डम, पिल्स, डिपो इम्प्लान्ट/आई.यु.सि.डि. ▪ स्थायी वन्ध्याकरणको लागि प्रेषण ▪ आवश्यकताको आधारमा शिविर तथा स्याटलाइट क्लिनिक सञ्चालन	स्वास्थ्य संस्था	प्रत्येक दिनको विहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म (बिदाको दिन बाहेक)	निशुल्क	प्रजनन् उमेरका महिला (१५ देखि ४९ बर्ष) तथा पुरुष	हे.अ./ सि.अ.हे.व./ अ.हे.व./ अ.न.मि.
६	**सुरक्षित मातृत्व कार्यक्रमः (मातृ तथा नवजात शिशु स्याहार)** ▪ पूर्व प्रसूति (गर्भवती) सेवा ▪ प्रसूति (डेलिभरी) सेवा ▪ उत्तर प्रसूति (सुत्केरी) सेवा ▪ परामर्श तथा प्रेषण सेवा ▪ आमालाई मातृ सुरक्षा चक्की बितरण ▪ सुत्केरीलाई भिटामिन "ए" क्याप्सुलखुवाउने ▪ नवजात शिशुलाई १ घण्टाभित्रस्तनपान गराउने परामर्श तथा प्रेषण	स्वास्थ्य संस्था	प्रत्येक दिनको विहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म (बिदाको दिन बाहेक)	निशुल्क	गर्भवती, सुत्केरी महिला तथा नवजात शिशु	हे.अ./ सि.अ.हे.व./ अ.हे.व./ अ.न.मि.
७	**रोग नियन्त्रण कार्यक्रमः** ▪ क्षयरोग नियन्त्रण कार्यक्रम ▪ खकार संकलन, परीक्षण तथा औषधिबितरण ▪ कुष्ठ रोगको नियन्त्रण कार्यक्रम र औषधि बितरण	स्वास्थ्य संस्था	प्रत्येक दिनको विहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म(बिदाको दिन बाहेक)निशुल्करोगी व्यक्ति	स्वास्थ्य संस्था	प्रत्येक दिनको विहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म(बिदाको दिन बाहेक)निशुल्करोगी व्यक्ति	हे.अ./ सि.अ.हे.व./ अ.हे.व./ अ.न.मि.

	▪ औलो रोगको नियन्त्रण कार्यक्रम ▪ रगत संकलन, परीक्षण ▪ उपचार, स्वास्थ्य शिक्षा परामर्श तथा प्रेषण					
८	**स्वास्थ्य शिक्षा (सूचना तथा सञ्चार) कार्यक्रमः** ▪ स्वास्थ्य शिक्षा सामाग्री उत्पादन तथा बितरण ▪ विद्यालयमा स्वास्थ्य शिक्षा सम्वन्धी कक्षा सञ्चालन ▪ आमा समूहको बैठकमा स्वास्थ्य सम्वन्धि छलफल ▪ विभिन्न समूहमा जनचेतना कार्यक्रमसञ्चालन ▪ छापा सञ्चार माध्यमबाट स्वास्थ्यसम्वन्धी सन्देशहरु प्रसारण	स्वास्थ्य संस्था/मेला पर्व/विद्यालय	कार्यालयमा प्रत्येक दिनको विहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म(बिदाको दिन बाहेक) र अन्य स्थानमा आवश्यकताको आधारमा	निशुल्क	सेवा लिन आउने व्यक्तिहरु र घ्यालयका विद्यार्थीहरु,आमा, किशोर किशोरी समूह तथा सर्वसाधारण	हे.अ./ सि.अ.हे.व./ अ.हे.व./ अ.न.मि.
९	**उपचारात्मक सेवाः** ▪ बिरामीको स्वास्थ्य जाँच, उपचार, औषधि बितरण, प्रेषण र आकस्मिक उपचार सेवा	स्वास्थ्य संस्था	प्रत्येक दिनको विहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म (बिदाको दिन बाहेक)	निशुल्क	बिरामी व्यक्ति	हे.अ./सि.अ. हे.व./ अ.हे.व./अ.न .मि.
१०	**महिला स्वास्थ्य स्वयमसेविका कार्यक्रमः** ▪ सुरक्षित मातृत्व, परिवार नियोजन सम्वन्धी परामर्श ▪ एकीकृत बालरोग व्यवस्थापन ▪ मातृ तथा नव शिशु स्वास्थ्य शिक्षा र सेवा ▪ आमा समूहको मासिक बैठक सञ्चालन ▪ राष्ट्रिय कार्यक्रम सञ्चालन र सहयोग	प्रत्येक वडामा	समुदायको आवश्यकताको आधारमा परामर्श तथा सेवा र आमा समूहले तोकेको दिन बैठक सञ्चालन	निशुल्क	जन्मेदेखि ५ बर्ष उमेरका बालबालिकाका अविभावक	प्रत्येक वडाका महिलास्वा स्थ्य स्वयम सेविकाहरु
११	**यौनरोग तथा एच.आई.भि./एड्स कार्यक्रमः** • रगत जाँच, यौन रोगको निदान,उपचार,	स्वास्थ्य संस्था	प्रत्येक दिनको विहान १० बजेदेखि अपरान्ह ५	निशुल्क	रोगी व्यक्ति तथा समुदाय	हे.अ./सि.अ. हे.व./

	परामर्श तथा प्रेषण • एच.आई.भि./एड्स सम्वन्धी स्वास्थ्य शिक्षा		बजेसम्म(बिदाको दिन बाहेक)			अ.हे.व./अ.न.मि.
१२	**महामारी नियन्त्रण कार्यक्रमः** • महामारी सम्वन्धी सूचना संकलन,निदान, • उपचार,परामर्श प्रेशण तथा स्वास्थ्यशिक्षा • स्थानीय प्रयासबाट समाधान हुननसकेकासमस्याहरु समाधानका लागि माथिल्लो निकायलाई जानकारी दिने ।	स्वास्थ्य संस्था तथा समुदाय	महामारी फैलिएको समयमा	निशुल्क	महामारी फैलिएका क्षेत्रका बासिन्दा तथा बिरामीहरु	डाक्टर तथा सम्वन्धित क्षेत्रमा खटिएका स्वास्थ्यकर्मी हरु
१३	**गाउँघर क्लिनिक सेवाः** • गर्भवती सेवा, सुत्केरी सेवा, परिवार नियोजनको अस्थायी साधन वितरण,परामर्श सेवा र स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन, • ५ बर्ष मुनीका बालवालिकाको वृद्धि अनुगमन, श्वास प्रश्वास र झाडा पखालाको उपचार • यौन रोग तथा एच.आई.भिं./एड्स परामर्श • सामान्य प्राथमिक उपचार, प्रेषण सेवा	**गाउँघर क्लिनिकहरुः** सम्वन्धित स्वास्थ्य संस्थाले तोके बमोजिम हुनेछ ।	**विहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म** प्रत्येक महिनाको २० गते प्रत्येक महिनाको २१ गते प्रत्येक महिनाको २२ गते	निशुल्क	परिवार नियोजन सम्वन्धी सल्लाह तथा सेवा लिन चाहने गर्भवती, सुत्केरीमहिला तथा ५ बर्ष मुनीकाबालवालिकाहरु	अ.न.मि.र अ.हे.व.
➢ खोप केन्द्र र गाउँघर ल्किनिक सञ्चालन हुने स्थान र मिति सम्वन्धित स्वास्थ्य संस्थाले तोके बमोजिम हुने ।						
➢ सेवासँग सम्वन्धित कुनै गुनासो, उजुरी वा सुझाव राख्नु परेमा सम्वन्धित स्वास्थ्य संस्थाका प्रमुख तथा नगरपालिकाको स्वास्थ्य संयोजक समक्ष राख्न सकिने ।						

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी तथा निर्णय उपर उजूरी सुन्ने अधिकारीः

निर्णय प्रक्रिया	निर्णय गर्ने अधिकारी	निर्णय उपर उजुरी सुन्ने अधिकारी
➢ शाखा/उपशाखाहरुमा पर्न आएका लिखित निवेदन तथा गुनासाहरु उपरको सुनुवाई, कार्यान्वयन र प्राप्त पत्रहरुको जवाफ तयार गर्ने । ➢ वडा कार्यालयमा पर्न आएका लिखित निवेदन तथा गुनासाहरु उपरको सुनुवाई, कार्यान्वयन र प्राप्त पत्रहरुको जवाफ तयार गर्ने ।	➢प्रमुख प्रशासकीय अधिकृत ➢सम्वन्धित वडाको वडा सचिव	➢नगर प्रमुख ➢सम्वन्धित वडाको वडा अध्यक्ष

(ञ) सूचना अधिकारी र प्रमुखको नाम थर र पदः

सूचना अधिकारीको:

नाम: सुस्मा आचार्य

पद: अधिकृत छैटौं

सम्पर्क नं. ९८५२८४३३३३

Email : acharyasusma66@gmail.com

कार्यालय प्रमुखको:

नाम: विनोद कुमार दाहाल

पद: प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं. ९८५२८२३१११

Email : bdahal2@gmail.com

(ण) यस अवधिमा सूचना माग हुन आएको र उपलब्ध गराइएको सूचना सम्बन्धी विवरणः

१. सूचना माग भएको संख्याः १

२. सूचना उपलब्ध गराइएको संख्याः १

(त) नगरपालिकाको ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरुको सूचीः

(१) स्थानीय ऐनहरुको सूचीः

१. शिक्षा ऐन, २०७५

२. न्यायिक समितिको कार्य सम्पादन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

३. कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५

४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७५

५. फोहोरमैला व्यवस्थापन ऐन, २०७५

६. विनियोजन ऐन, २०७५

७. आर्थिक कार्यविधि ऐन, २०७५

८. सहकारी ऐन, २०७५

९. स्वास्थ्य तथा सरसफाई सेवा ऐन,२०७५

१०. प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

११. पूर्वाधार ब्यवस्थापन ऐन, २०७५

१२. अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि), ऐन, २०७५

१३. आर्थिक ऐन,२०७५

१४. कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५

१५. आर्थिक ऐन, २०७७

१६. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७

१७. आर्थिक ऐन, २०७८

१८. आर्थिक ऐन, २०७९

१९. विनियोजन ऐन, २०७९

(२) स्थानीय नियमावलीहरुको सूचीः

१. नगर कार्यपालिकाको (कार्य विभाजन) नियमावली, २०७५

२. नगर कार्यपालिकाको (कार्य सम्पादन) नियमावली, २०७५

३. नगरपालिकाको निर्णय आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७५

४. शिक्षा नियमावली, २०७५

५. सार्वजनिक खरिद नियमावली, २०७८

६. सिद्धिचरण नगरपालिकाको सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७९

७. नगर सभामा र कार्यपालिकामा रहने समितिको गठन तथा कार्य सञ्चालन नियमावली, २०७९

(३) स्थानीय निर्देशिकाहरुको सूचीः

१. विज्ञापन कर निर्देशिका, २०७५

२. बजार अनुगमन निर्देशिका, २०७५

३. योग सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५

४. कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५

५. युवा उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७

६. विपन्न एकल महिलापुरुष का लागि आयमूलक क्रियाकलाप सञ्चालन निर्देशिका, २०७७

७. सिद्धिचरण नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९

(४) स्थानीय कार्यविधिहरुको सूचीः

१. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

२. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५

३. एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५

४. सेवा करारमा जनशक्ति जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५

५. "घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि

६. नगर सभा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५

७. सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यबिधि,२०७५

८. नगर कार्यपालिकाको बैठक सञ्चालन सम्वन्धी कार्यविधि,२०७५
९. विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५
१०. अपाङ्गता भएका ब्यक्तिको परिचय पत्र बितरण कार्यविधि, २०७५
११. आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०७५
१२. कृषि विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५
१३. टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७५
१४. सूचना प्रविधि अधिकृतको छनौट परीक्षा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६
१५. आर्थिक सहायता प्रदान गर्ने कार्यविधि, २०७६
१६. जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७६
१७. नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६
१८. शैक्षिक गुणस्तर सुधार कार्यक्रम अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७६
१९. कोभिड – १९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७७
२०. ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७६
२१. वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरण निर्देशिका, २०७७
२२. घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७
२३. व्यवसाय कर व्यवस्थापन कार्यविधि, २०७७
२४. वालवालिकाहरुको हक अधिकार संरक्षण तथा सम्वर्ध्दन सम्वन्धि कार्यविधि,२०७७
२५. लैङ्गिक हिंसा निवारण कोष(संचालन) कार्यविधि,२०७७
२६. करारमा शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्वन्धि कार्यविधि,२०७७
२७. सामुदायिक विद्यलयहरूको लेखापरीक्षण कार्यविधि,२०७७
२८. वालक्लव र वालक्लव सञ्जाल गठन तथा परिचालन कार्यविधि,२०७७
२९. संक्षिप्त बातावरणीय अध्ययन तथा प्रारम्भिक बातावरणीय परीक्षण कार्यविधि, २०७७
३०. बालविकास केन्द्रका सहयोगी कार्यकर्ता नियुक्ति सम्बन्धी कार्यविधि-२०७७
३१. सिद्धिचरण नगरपालिकाको नवीकरणीय-वैकल्पिक उर्जा कार्यक्रम संचालन कार्यविधि,२०७७
३२. कृषक पहिचान, बर्गीकरण तथा परिचयपत्र वितरण कार्यविधि, २०७७
३३. टाँगा/रिक्सा/अटो रिक्सा/ई-रिक्साको दर्ता, नवीकरण तथा नियमन गर्ने कार्यविधि,२०७७

"हामी सबैको चाहना, समृद्ध सिद्धिचरणको लागि दिगो विकासको योजना"

आर्थिक वर्ष ०७९।०८० को नीति तथा कार्यक्रम

नगरपालिकाका उपप्रमुखज्यू,
नगर सभाका सभासदज्यूहरु।

यस नगरपालिकाको दशौं नगर सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका नगर सभाका सभासदज्यूहरु लगायत सम्पूर्ण महानुभावहरुमा सिद्धिचरण नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्दछु ।

"हामी सबैको चाहना, समृद्ध सिद्धिचरणको लागि दिगो विकासको योजना" भन्ने मूल नाराका साथ सिद्धिचरण नगरपालिकाको नगर प्रमुखको हैसियतले सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष ०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्त गौरव महशुस गरेको छु ।

सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राजनैतिक व्यवस्था प्राप्तिका लागि विभिन्न चरणमा भएको जनआन्दोलन तथा शान्तिपूर्ण आन्दोलनमा आफ्नो अमूल्य जीवनलाई बलिदान गर्ने आदरणीय वीर शहीदहरुप्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

आन्दोलनका घाइते र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान र परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु। कठिन परिस्थितिहरुमा पनि त्याग र नेतृत्व प्रदान गर्नुहुने आदरणीय अग्रज राजनीतिज्ञहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

२०७२ साल आश्विन २ गते नेपालको संविधान जारी भएपछि दोस्रो पटक वैशाख ३० गते संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको आधार स्तम्भको रुपमा रहेको स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । यस निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, स्वच्छ र भय रहित तवरमा सम्पन्न गर्न योगदान गर्नुहुने आम नागरिक, राजनीतिक दल, स्थानीय प्रशासन, सुरक्षा निकायका प्रमुखहरु, निर्वाचन अधिकारी, मतदान अधिकृत, कर्मचारी एवं सुरक्षाकर्मीहरु लगायत सरोकारवाला निकायहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

विगत दुई वर्षदेखि विश्वभर फैलिएको कोभिड–१९ महामारी अहिले सामान्य हुँदै गएको छ । सबैको संयुक्त प्रयासबाट यस्ता महामारीका विरुद्ध लड्न र त्यसबाट सिर्जित प्रतिकूल अवस्थाको सामना गर्न सकिन्छ भन्ने दृढ विश्वास राखेको छु । संक्रमण रोकथाम र नियन्त्रणमा यस नगरपालिकाले चालेका कदमहरुमा अग्रपंक्तिमा रहेर सेवा तथा सुरक्षा प्रदान गर्नु हुने जनप्रतिनिधिहरु, स्थानीय प्रशासन, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी,

नगर प्रहरी, सरसफाईकर्मी, एम्बुलेन्सका चालक तथा महामारी रोकथाम तथा नियन्त्रणमा खटिने सम्पूर्ण कर्मचारी, नगरबासी दाजुभाई तथा दिदी बहिनीहरुको उच्च प्रशंसा गर्दछु । सबैको अथक प्रयत्नको बाबजुद यस भयावह महामारीबाट देश भित्र र देश बाहिर ज्यान गुमाउनु हुने नागरिकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

विद्यमान परिवेश :

एकै वर्षको योजना तथा बजेटबाट हाम्रा प्रतिबद्धता पूरा नहुने र यस नगरपालिकाको आवधिक योजनाको अवधि समाप्त भएको हुँदा आगामी आर्थिक बर्षमा पञ्च वर्षीय योजना तयार गरी नगर विकासको एकीकृत दृष्टिकोण तयार गरी कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको छ।

नगरपालिकाको आन्तरिक श्रोतको अवस्था कमजोर रहेकाले संघीय सरकार, प्रदेश सरकार र अन्य साझेदार निकायबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँड तथा सहलगानीबाट नै नगरपालिकाको योजना निर्भर हुने अवस्था रहेको छ। तथापी जनसरोकारका धेरै विषयहरुलाई सम्बोधन गर्नुपर्ने अवस्था रहेको छ।

नगरपालिकाका प्रशासनिक दरवन्दी धेरै रिक्त रहेको अवस्था छ। यसले नगरपालिकाले तयार गरेको नीति कार्यक्रम कार्यान्वयनमा पनि कठिनाई रहेको छ।

गरिएका महत्वपूर्ण प्रयास अवसर तथा चुनौती :

यस अघि पूर्वाधार क्षेत्रमा महत्वपूर्ण कार्य भएका छन्। नगरपालिकाको प्रशासनिक भवन र केही वडाहरुको भवन निर्माण कार्य सुरु भएका छन्। नगरपालिकाको क्षमता विकासका लागि प्रदेश सरकारसँग सहलगानीमा कार्य गर्न सम्झौता भएको छ। शिक्षा, स्वास्थ्य र क्षेत्रमा कार्यहरु भएका छन्। प्रदेश सरकार र संघीय सरकारका सहकार्यमा केही ठूला बहुवर्षीय योजनाहरु सञ्चालन भएका छन्। केही योजनाहरुलाई निरन्तरता दिनुपर्ने अवस्था छ।

नगरपालिका सञ्चालनका लागि कानूनी आधारहरु तयार भएका छन्। संस्थागत संरचना निर्माण भएको छ। संघीय प्रणाली अन्तरगत रहेर काम गर्न प्रशासनयन्त्र केही मात्रामा भएपनि अभ्यस्त भएको छ। विगतमा आवधिक योजना तयार भएर योजनावद्ध विकासको थालनी भएको छ र नागरिकहरुमा यसवारे जानकारी भएको जस्ता अवसरहरु छन्।

आन्तरिक आयको अवस्था कमजोर भएकोले कराधार बढाउनु पर्ने अवस्था छ। विकासका साझेदारका रुपमा लिईने गैर सरकारी संस्थाहरुको सकृयता बढाउनु पर्ने देखिन्छ। ठूलो जन अपेक्षालाई सीमित श्रोत परिचालन गरी सम्बोधन गर्नुपर्ने र तयार भएका नीति कार्यक्रमलाई कार्यान्वयन गर्न अपूर्ण प्रशासनयन्त्र चुनौतिको रुपमा रहेको छ।

हाल सम्मको उपलब्धी :

धेरै जसो कार्यक्रम र योजनाहरु सम्झौता भएका छन्। राजस्वको लक्ष्य रु.२,५४,००,०००।- भएकोमा २०७९ जेष्ठ मसान्त सम्ममा ९९ लाख परिचालन भएको छ जुन लक्ष्यको ३८.९७% हुन आँउछ । कूल बजेटको चालूतर्फ ६९.१६% र पूँजीगत तर्फ ४९.१६% प्रगती भई कुल ६१.७७% वित्तीय प्रगती भएको छ। आयोजनाहरुको समापन पश्चात सिंचाई, खानेपानी, सडकहरुको उपभोक्ता संख्या वृद्धि भएको छ। महिलाहरुको क्षमता विकास, बालविवाह विरुद्धको सचेतना फैलिएको, लैङ्गिक हिंसा न्यूनीकरणको तर्फ केही हदसम्म प्रगति भएको छ।

नगर सभाका सदस्यज्यूहरु,

आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ तथा प्रदेशबाट जारी भएका विभिन्न ऐन, नियमावली, निर्देशिका, कार्यविधि, परिपत्र तथा विभिन्न समयमा प्राप्त निर्देशनहरु, नगर सभाबाट पारित भएका विभिन्न ऐन तथा कार्यपालिकाबाट पारित भएका नियमावली, कार्यविधि, निर्देशिका, आवधिक योजना, जनप्रतिनिधिको हैसियतले विभिन्न कार्यक्रम तथा स्थानहरुमा स्थलगत अवलोकन गरी व्यक्त गरेका प्रतिबद्धता, नागरिक समाजसँगको छलफलदेखि वडास्तर हुँदै बजेट तथा कार्यक्रम तर्जुमा समितिसम्मका चरणमा भएका छलफल, विभिन्न संघ/संस्था र निजीक्षेत्रवाट प्राप्त सुझाव तथा नगर कार्यपालिका बैठकमा भएका निर्णयहरु र चुनावी घोषणा पत्रलाई मूख्य आधारको रुपमा लिएको छु ।

यसै सन्दर्भमा आ.व.०७९।०८० को बजेट, नीति तथा कार्यक्रमको उद्देश्य एवं प्राथमिकता निम्न अनुसार भएको व्यहोरा सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

उद्देश्यहरुः

१. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, नगरभित्र रहेका स्थानीय स्रोत साधन तथा राजश्वको पहिचान र परिचालन गरी नगरको आर्थिक समृद्धि हासिल गर्ने,

२. पर्यटन क्षेत्रको पूर्वाधार विकास गरी आर्थिक मेरुदण्डको रुपमा पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने,

३. सर्वसुलभ स्वास्थ्य र गुणस्तरीय शिक्षामा नगरवासीहरुको पहुँचमा सुनिश्चतता प्रदान गर्ने,

४. नगरवासीहरुको जीवनस्तर सुधार गर्न आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्दै गरिबी न्यूनीकरणमा जोड दिने,

५. स्थानीय श्रोत, साधन, संघ संस्था तथा आम सिद्धिचरण नगरवासीहरुको सहयोगमा भौतिक, सामाजिक र पूर्वाधार विकासमा जोड दिई नगरपालिकालाई सम्मुन्नत बनाउने ।

६. आवश्यक्ता अनुसारको पूर्वाधारको विकास गर्दै नगरपालिकाबाट प्रवाह हुने सेवा सुविधालाई छिटो छरितो बनाउने,

प्राथमिकताहरुः

१. नगरभित्रको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत मानवीय आवश्यकता परिपूर्ति गर्ने र त्यस्ता क्षेत्रहरुको विकास र प्रवर्द्धन गर्ने,

२. कृषि, पर्यटन, जलस्रोत र घरेलु उद्योगका क्षेत्रमा पूँजी परिचालन गर्ने,

३. आर्थिक, भौतिक र सामाजिक पूर्वाधारको विकास गरी समृद्ध नगरपालिका बनाउने अभियानलाई गति दिन कृषि सडक, सिंचाई, जलविद्युत जस्ता क्षेत्रहरुको निर्माण, विकास र विस्तार गर्ने,

४. सुशासन, पारदर्शीता र जवाफदेहीताको सिद्धान्तलाई आत्मसाथ गरी आम नगरबासीलाई छिटो छरितो, गुणस्तरीय र परिणाममूखी सेवा प्रदान गर्ने,

५. जलवायु अनुकूलन, पर्यावरणीय संरक्षण र विपद् व्यवस्थापन तथा न्यूनीकरण सम्बन्धी कार्यहरु गर्ने,

६. लैङ्गिक समानता र सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम गर्ने सञ्चालन गर्न,

७. ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक क्षेत्रको संरक्षण गरी भाषा, कला र साहित्यको संरक्षण र व्यवस्थापन गर्ने ।

वार्षिक नीति तर्जुमाको क्रममा अवलम्बन गरिएका विधि, पद्धति तथा आधारहरुः

१. नेपालको संविधानले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु र स्थानीय तहको अधिकार क्षेत्रभित्र संविधानको धारा ५७ (४), २१४ (२), २२१ (२) र २२६ (१) अन्तर्गत अनुसूची ८ र ९ मा व्यवस्था गरिएका अधिकार क्षेत्रहरु, नगरपालिकाको आवधिक योजना,

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्थाहरु,

३. दीगो विकासका लक्ष्य तथा संघीय सरकारका योजनाको आधारपत्र, प्रदेश सरकारका योजनाको आधारपत्र र राष्ट्रिय योजना आयोगले निर्धारण गरेका प्राथमिकताका क्षेत्रहरु,

४. वडास्तरीय योजना तर्जुमा समितिको बैठक, विषयगत समिति र बजेट, कार्यक्रम तथा योजना तर्जुमा समितिको बैठक,

५. राजश्व परामर्श समिति तथा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका निर्णयहरु,

६. पूर्वाधार विकास र नगरवासीका समसामायिक मुद्दाहरु सामाजिक सुरक्षा, दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास, बालमैत्री र वातावरणमैत्री, अपाङ्गतामैत्री वातावरणको श्रृजना, स्थानीय शासन, आधारभूत स्वास्थ्य, ऊर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु।

योजना तथा कार्यक्रम छनौटका आधारहरुः

१. क्रमागत तथा नगरका रणनीतिक योजना तथा कार्यक्रमहरु,
२. चेतना अभिवृद्धि गराउने कार्यक्रमहरु,
३. आर्थिक विकाससँग सम्बन्धित कृषि, पशुपालन, सडक, पर्यटकीय मार्ग, खानेपानी, आदि,
४. स्वास्थ्य र शिक्षाको गुणस्तरमा अभिबृद्धि हुने कार्यक्रमहरु,
५. दलित, अपाङ्ग, जेष्ठ नागरिक, महिला, किशोर किशोरी तथा बालबालिकाहरु लाभान्वित हुने किसिमका कार्यक्रमहरु,
६. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रमहरु,
७. वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु,
८. ऐतिहासिक पूरातात्विक र पर्यटन प्रवर्द्धनलाई वडवा दिने कार्यक्रमहरु।

माथि उल्लिखित नीतिगत उद्देश्य, प्राथमिकता, विधि तथा पद्धतिको आधारमा यस नगरपालिकाबाट आगामी आ.व. ०७९/०८० मा कार्यान्वयन गरिने बार्षिक नीति तथा कार्यक्रम देहाय बमोजिम हुनेछ।

कृषि तथा पशु सेवाः

१. कृषकहरुलाई सरल र सहज रुपमा बिउँ, मल, प्रविधि र नहर कूलो पोखरी ईत्यादिको माध्यमबाट सिंचाई सुविधा उपलब्ध गराइनेछ,
२. सहकारी मार्फत कृषि उत्पादन संकलन केन्द्रलाई व्यवस्थित गरिनेछ,
३. कृषि क्षेत्रको उत्पादकत्व बृद्धिका लागि यस क्षेत्रको व्यावसायीकरण, यान्त्रिकीकरण र आधुनिकीकरण गरिनेछ,
४. नगरक्षेत्रमा रहेका अगुवा कृषकहरुको लगत तयार गरी निजहरुलाई कृषि तथा पशुपालन सम्बन्धी थप आवश्यक तालिमहरु दिई अगुवा कृषकको रुपमा परिचालन गर्ने व्यवस्था गरिनेछ,
५. खाद्य सुरक्षाको लागि बिउँ सुनिश्चितता अभियान अन्तर्गत कृषिमा आत्म निर्भरताका लागि गुणस्तरीय बिउँ बिजनमा क्रमशः आत्मनिर्भर बनाउँदै लगिनेछ ।
६. प्राङ्गणिक मल र जैविक बिषादीको उत्पादन तथा प्रयोगलाई प्रोत्साहित गरी रासायनिक मल र विषादीको प्रयोगलाई कम गरिदै लगिनेछ,
७. अन्नबाली तथा फलफूल उत्पादन हुने जन्तरखानी, विगुटार, सल्लेरी, बेतिनी, वर्नालु, ज्यामिरे र सितलपुर क्षेत्रलाई तरकारी पकेट क्षेत्रको रुपमा विकास गरी ती क्षेत्रमा उन्नत बिउँ, वेर्ना, प्रविधि र मलको प्रयोगबाट 'एक गाउँ एक कृषि उत्पादन' को नीतिलाई निरन्तरता दिइनेछ,
८. लिची, कागती, खर्बुजा, सुन्तला, मेवा, भुईकटहर, जुनार, आँप र केरा जस्ता फलफूल, बेसार, खुर्सानी, अदुवा जस्ता मसलाजन्य र ताजा सागपात तथा तरकारी लगायतका नगदेवाली उत्पादन क्षेत्रको पहिचान गरी नगदेवाली, तरकारी तथा फलफूल उत्पादन गर्न उन्नत बिउँ वेर्ना तथा प्राविधिक सहयोगलाई निरन्तरता दिइनेछ,
९. बेमौसमी तरकारी उत्पादनलाई प्रोत्साहित गरिनेछ,
१०. मौरीपालन गर्ने कृषकहरुलाई प्रोत्साहित गर्न व्यवसायिक मौरीपालन तालिम सञ्चालन गरिनेछ,
११. बुङ्गको आलु उत्पादन, भण्डारण र बजार व्यवस्थापन गरिनेछ,
१२. स्थानीय पशुपंक्षी संरक्षण, प्रवर्द्धन र नश्ल सुधार कार्यक्रमलाई विस्तार गरी व्यवसायिक पशुपालनका लागि पशुपंक्षी पकेट क्षेत्र निर्धारण गरिनेछ,
१३. व्यावसायिक पशुपालन गर्ने कृषकहरुको छनौटका लागि रुजु सूची (Check list) को आधारमा पहिचान गरी उत्पादन नतिजा बमोजिम सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ,

१४. नगरस्थित मासु पसलहरुको नियमित अनुगमन गर्ने व्यवस्था गरिनेछ,
१५. व्यवसायिक रुपमा गरिने वेमौसमी तरकारी खेतिका लागि संभाव्यता र उपयुक्तताको आधारमा सिंचाई सामग्रीहरु उपलब्ध गराइनेछ,
१६. उन्नत जातका पशुपालन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न घाँसबाली लगाउन बिउँ बिजन उपलव्ध गराउने कार्यक्रमको निरन्तरता दिइनेछ,
१७. कृषि पेशामा संलग्न वास्तविक कृषकहरुको वर्गीकरणका लागि कृषक परिचयपत्र बितरण कार्य दातृ निकाय तथा सरोकारवालाहरुसँगको समन्वयमा निरन्तरता दिइनेछ,
१८. पशुपन्छीका महामारी रोग नियन्त्रणको लागि खोप कार्यक्रम सञ्चालन गरिनेछ ।
१९. सिद्धिचरण नगरपालिकाको वडा नं १२ मा बुधवार र शनिवार साप्ताहिक रुपमा लाग्ने बजारमा पशुपंक्षी बिक्री वितरण गर्ने कक्ष निर्माणमा गरिनेछ ।
२०. साना कृषकहरुलाई प्रोत्साहित गर्न हाटबजारमा लाग्ने करमा छुट दिन आवश्यक व्यवस्था मिलाईने छ।

पर्यटनः

१. नगरपालिका क्षेत्रको भौगोलिक विविधता र विकटतालाई पृथक र नवीन पर्यटकीय थलोको रुपमा विकास गरी पर्यटकलाई नगरपालिका भ्रमणको लागि आकर्षित गरिनेछ,
२. पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ,
३. ऐतिहासिक स्थल ओखलढुङ्गा, युगकवि सिद्धिचरण श्रेष्ठको प्रतिमास्थल, स्रष्टापार्क, नगरपार्क, भ्यू टावर, कडेंनीगढी, ककनी मन्दिर, वर्नालुको दुधपोखरी, रुम्जाटार गुम्बा, नलिडाँडा, झाँक्रीढुङ्गा, विगुटक्सार, जन्तरखानी, शहिद स्मृतिपार्क, थामडाँडा, चम्पादेवी, जानुका गढी सहितका धार्मिक, साँस्कृतिक क्षेत्रलाई नगरको पर्यटकीय स्थलको रुपमा विकास गरिदै लगिनेछ,
४. साँस्कृतिक, धार्मिक, साहसिक, कृषि, स्वास्थ्य तथा खेल पर्यटन आकर्षित गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ,
५. पर्यटन प्रवर्द्धनका लागि निजी क्षेत्रहरुसँग समन्वय गरी नगरको पर्यटकीय स्थलहरुमा केवुलकार सञ्चालन गर्न सम्भाव्यता अध्ययनको पहल गरिनेछ।

उद्योग तथा वाणिज्यः

१. निजी क्षेत्रको लगानी, उद्यमशीलता र अनुभवलाई नगरको आर्थिक विकासमा परिचालन गर्न व्यवसायमैत्री वातावरण निर्माण गरिनेछ,
२. नगर क्षेत्रमा उत्पादन भएका वस्तुहरुको प्रयोग बढाउन "आफ्नै उत्पादन आफ्नै उपभोग" अभियान सञ्चालन गरिनेछ,
३. अलैची, बेसार, अदुवा, लसुन, टिम्मुर, जडिबुट्टी लगायत तुलनात्मक लाभ भएका वस्तुहरुको उत्पादन बृद्धि गरी आन्तरिक माग पूर्ति गर्नुका साथै निर्यात गरिनेछ,
४. नगरपालिका क्षेत्रमा सम्भावित कच्चा पदार्थको पहिचान गरी त्यसमा आधारित साना तथा घरेलु उद्योग स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ,

सहकारी तथा वित्तीय क्षेत्रः

१. कृषि, उद्योग र सेवाको क्षेत्रमा सहकारीको माध्यमबाट रोजगारी सिर्जना गरी उत्पादन वृद्धि गरिने छ,
२. प्रत्येक वडामा १ महिला सहकारी संस्था स्थापना गरी सञ्चालन गर्न प्रोत्साहन गरिनेछ,
३. गैर सरकारी संस्था महासंघसँग सहकार्य गरिनेछ र सहकारी संघ/संस्थाका पदाधिकारी, कर्मचारीहरुलाई सहकारी व्यवस्थापन तथा उद्यमशीलता र विकास सम्बन्धी तालिम दिने व्यवस्था मिलाइने छ,
४. कृषिसँग सम्बन्धित सहकारी संस्थाहरुको संस्थागत क्षमता विकास गरी कार्यदक्षता अभिवृद्धि गरिनेछ,
५. नगरक्षेत्र भित्रका सहकारी संस्थाहरुको लगत तयार गरी निष्क्रिय सहकारी संस्थाहरुको दर्ता खारेज गर्ने तथा सकृय संस्थाहरुसँग सहकार्य गर्ने प्रक्रिया अघि बढाइनेछ ।

शिक्षाः

१. विद्यालयहरूमा बालबालिकाहरूको सहभागिता र विकास सम्बन्धी अधिकारको सुनिश्चतता गर्दै बालबालिकाप्रति हुने अमानवीय दण्ड हिंसा दुर्व्यवहार बालश्रम आदिलाई निरुत्साहित एवं निषेध गर्न बालमैत्री नगरपालिका घोषणा गर्नका लागि योजना तर्जुमा गरी आधार तयार गरिनेछ,

२. सामुदायिक विद्यालयलाई सूचना तथा प्रविधि मैत्री बनाउँदै लगिने नीति अनुरूप चालू आ.व. देखि विद्युतीय हाजिरी सञ्चालनमा ल्याई शिक्षक तथा कर्मचारीको समयमा तथा नियमित उपस्थितिको व्यवस्था मिलाइने छ,

३. विद्यार्थी भर्ना दरलाई शतप्रतिशत पुर्याउन विद्यालय भर्ना अनुगमन तथा सहजीकरण कार्यक्रम संचालन गरिनेछ,

४. विद्यालयस्तरीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली अर्थात IEMIS को पूर्णरूपमा सम्पूर्ण विद्यालयहरुलाई सूचना भराई सोको कार्यान्वयनमा ल्याउन पहल गरिनेछ,

५. शिक्षक विद्यालय व्यवस्थापन समिति र विद्यार्थीका क्लबहरु र अभिभावकहरुसँग छलफल अन्तरक्रिया गरी विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न सहजीकरण गर्दै अगाडी बढाइनेछ, प्रारम्भिक बालबिकास तह देखि नै मन्टेश्वरी विधिद्वारा अग्रेजी माध्यमबाट अध्यापन गराउने वातावरण बनाउन प्रोत्साहित गरिनेछ।

६. विभिन्न सरुवा रोग तथा भाइरस सम्बन्धी विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था गरिनेछ,

७. विद्यालयमा अध्ययनरत छात्राहरुका लागि निशुल्क स्यानिटरी प्याड वितरणलाई निरन्तरता दिइनेछ,

८. स्थानीय पाठ्यक्रमको निर्माण गरी पठन पाठनको व्यवस्था गरिनेछ,

९. नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा सञ्चालित प्राविधिक धारको कक्षामा अध्ययन गर्ने विद्यार्थीहरुमध्ये अपाङ्गता, दलित र आदिवासी/जनजाति, अति विपन्न तथा जेहेन्दार तीन जना विद्यार्थी छनौट गरी पुरस्कृत गरिनेछ,

१०. विद्यार्थी संख्या, शैक्षिक गुणस्तर, कार्य सम्पादन मूल्याङ्कनको आधारमा विद्यालय र शिक्षहहरुलाई प्रोत्साहित गर्ने नीतिको अवलम्बन गरिनेछ,

११. दिवा खाजा वापतको रकमवाट लक्षित वर्गका विद्यार्थीहरुलाई स्थानीयस्तरमा उपलब्ध हुने खाद्यवस्तुमा आधारित रही दिवा खाजाको प्रवन्ध गर्ने व्यवस्था गरिनेछ,

१२. नेपाल सरकारको वजेट वक्तव्य २०७९।०८० ले गरेको व्यवस्था र यस नगरपालिकाको आर्थिक स्रोत समेतलाई मध्येनजर गरी नगर क्षेत्रका सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारी तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई थप सुविधा उपलव्ध गराउने ब्यवस्था गरिनेछ,

१३. सबै प्रकारका शिक्षण संस्थाहरुको नियमित अनुगमन र बितरित बजेटको नियमन गर्ने प्रणाली स्थापना गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ,

१४. विद्यालयमा शिक्षक विद्यार्थी अनुपात मिलाउन आवश्यक पहल गरिनेछ।

१५. सुस्त मनस्थिति भएका बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।

स्वास्थ्यः

१. सामुदायिक मिसन अस्पताल र नगरपालिकाको साझेदारीमा समय समयमा स्वास्थ्य उपचारका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ,

२. विभिन्न स्थानमा रहेका स्वास्थ्य संस्थालाई व्यवस्थित गरिनेछ,

३. स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा संचालन गरिनेछ,

४. आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच विस्तार गरी सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइनेछ,

५. नेपाल सरकारले निःशुल्क वितरण गर्न तोकेको औषधी तथा औषधीजन्य सामानहरु नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट सहज रुपमा उपलब्ध हुने व्यवस्थालाई निरन्तरता दिइनेछ,
६. पाँच वर्ष मुनिका बालबालिकाको मृत्यूदर घटाउन सुरक्षित मातृत्व, शिशु स्याहार, पोषण कार्यक्रम र खोप सेवा थप प्रभावकारी बनाइनेछ,
७. गाउँघर क्लिनिक सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ,
८. शहरी स्वास्थ्य केन्द्रहरुको सेवालाई प्रभावकारी र आवश्यकताको आधारमा विस्तार गर्दै लगिनेछ,
९. रोग पहिचानका लागि स्थानीय स्वास्थ्य संस्था मार्फत हाल सञ्चालन गरिएको ल्याव सेवालाई निरन्तरता दिइनेछ र प्रभावकारीताका आधारमा अन्य स्वास्थ्य चौकीहरु मार्फत समेत सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउँदै लगिनेछ,
१०. मातृ मृत्यूदर घटाउन गर्भवती महिलालाई पोषण कार्यक्रम, स्वास्थ्य जाँच र सुरक्षित सुत्केरी सुविधा उपलब्ध गराइनेछ,
११. वर्थिङ सेन्टरहरुमा हुने सुरक्षित प्रसूति सेवालाई प्रोत्साहन गर्ने र घरमा हुने प्रसूति सेवालाई निरुत्साहित गरिनेछ,
१२. सर्ने तथा नसर्ने रोगको बारेमा जनप्रतिनिधीहरु, स्वास्थ्यकर्मीहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुबीच अन्तरकृया कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइने छ,
१३. महिला स्वास्थ्य स्वयं सेविकाको माध्यमबाट स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ,
१४. महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई दिइदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ,
१५. कोभिड–१९ महामारी व्यवस्थापनबाट प्राप्त अनुभव समेतका आधारमा स्वास्थ्य प्रणालीमा आवश्यक सुधार गरी भविष्यमा यस्ता महामारीको सामना गर्न सक्षम र प्रभावकारी स्वास्थ्य प्रणालीको विकास गरिनेछ,
१६. औषधीजन्य जडीबुटीहरुको अध्ययन तथा प्रयोग, योग शिक्षा र योग शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ,
१७. आयुर्वेद चिकित्सा पद्धतिको संरक्षण र प्रवर्द्धन गरिनेछ,
१८. अन्य संस्था तथा स्थानीय निकायहरुको सहकार्यमा शव वाहन सञ्चालन गर्न पहल गरिनेछ,

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकः

१. बालबालिका तथा किशोर किशोरीहरु लक्षित अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरी बौद्धिक विकासमा जोड दिइनेछ,
२. महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुमा हुने हिंसा अन्त्यका लागि निरोधात्मक तथा उपचारात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ,
३. लैङ्गिकमैत्री सूचक तयार गरी नगरलाई लैङ्गिकमैत्री बनाउन पहल गरिनेछ,
४. सरोकारवालाहरुसँगको सहकार्यमा बालबिवाह, मानव बेचविखन तथा ओसार पसार, लैङ्गिक हिंसा, यौन हिंसा नियन्त्रण सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ,
५. लैगिक हिंसा न्यूनीकरण अभियानमा सबै वडामा परिचालित मनोसामाजिक कार्यकर्ताहरुको सेवालाई सि.एम.सी. नेपालको समन्वयमा निरन्तरता दिईनेछ,
६. बालमैत्री स्थानीय शासनको नीतिलाई कार्यान्वयन गरिनेछ,
७. महिलाहरुको आर्थिक रुपान्तरणमा टेवा पुर्याउन महिला सहकारी मार्फत साझा व्यवसाय सञ्चालनका लागि प्रोत्साहित गरी उद्यमशिलता विकासमा जोड दिईनेछ,
८. अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ। रोजगारीका अवसरमा पहुँच विस्तार तथा स्वरोजगारको अवसर सिर्जना गरिनेछ,

९. गत आ.व. मा स्थापना गरिएको ज्येष्ठ नागरिक तथा दिवासेवा केन्द्रको सञ्चालनलाई निरन्तरता दिई ज्येष्ठ नागरिकहरुको निःशुल्क स्वास्थ्य परीक्षण, मनोरञ्जन तथा अनुभव आदान/प्रदानका थप कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ,

१०. सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यमा मनोसामाजिक समस्यामा परेका व्यक्ति लगायत आत्मा हत्याको बढ्दो प्रवृत्तिको कारण पत्ता लगाउन अनुसन्धानात्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ,

११. ९० वर्ष माथिका ज्येष्ठ नागरिकलाई पौष्टिक आहार उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

संस्कृति प्रवर्द्धनः

१. नगरका सबै जातजाती/समुदायहरुको आ–आफ्नो मौलिक भाषा, संस्कृति तथा परम्पराहरुको जगेर्ना एवं साँस्कृतिक पहिचानको संरक्षणका लागि पहल गरिनेछ,

२. सबै समुदायको धार्मिक र सांस्कृतिक मूल्य र मान्यताको सम्मान गर्ने वातावरण सृजना गरिने छ,

३. कला र साहित्यको सिर्जना तथा प्रवर्द्धन गर्न विभिन्न कृयाकलापहरु सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

खानेपानी तथा सरसफाईः

१. नगरका सबै क्षेत्रमा आगामी ३ वर्षमा स्वच्छ खानेपानीको सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ,

२. सार्वजनिक स्थलहरुको सरसफाई तथा संरक्षण कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ,

३. नगरपालिकामा सञ्चालित सहलगानी कार्यक्रमलाई निरन्तरता दिन सम्बन्धित निकायमा पहल गरिनेछ,

४. सदरमुकामको खानेपानी वितरण प्रणालीलाई व्यवस्थित रुपमा सञ्चालन गर्न योजना बनाई कार्यान्वयनमा ल्याइनेछ,

५. सदरमुकाम र रुम्जाटार स्थित खानेपानी उपभोक्ता समितिलाई नगरपालिकाको मातहतमा ल्याइनेछ,

६. सरोकारवालाहरुसँगको समन्वयमा खानेपानी महशुलको दर निर्धारण गर्ने व्यवस्था मिलाइनेछ ।

सामाजिक सुरक्षाः

१. बैंक मार्फत भूक्तानी हुँदै आएको सामाजिक सुरक्षा भत्तालाई बैंकहरुसँगको समन्वयमा थप सरलता बनाई बितरण गरिनेछ,

२. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लक्षित समूहका व्यक्तिहरुको मूल अभिलेखलाई MIS प्रणालीमा प्रविष्ट गरी सोही प्रणाली मार्फत नै नयाँ नामदर्ता, नवीकरण र लगत कट्टा गरिनेछ,

३. अपाङ्गता भएका व्यक्तिहरुका लागि उद्यमशीलता र स्वरोजगारीको अवसरको वातावरण सृजना गरिनेछ,

४. ज्येष्ठ नागरिक स्याहार तथा हेरचाह केन्द्र, मनोरञ्जन पार्क, धार्मिक तथा आध्यात्मिक पार्क, खेलकूद मैदान क्रमिक रुपमा स्थापना तथा विस्तार गरिने।

युवा तथा खेलकुदः

१. युवामा नैतिकता र चारित्रिक गुण तथा अनुशासनको विकास गरी परिवार, समाज र राज्यप्रतिको दायित्व बोध गराउने एवं श्रमको सम्मान गर्ने संस्कारको विकासका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गरिनेछ,

२. नगरस्तरीय खेलकूद कार्यक्रम सञ्चलान गरिनेछ, विभिन्न स्थानमा खेलकूदलाई प्रोत्साहित गर्न कभर्डहलहरुको व्यवस्था गरिनेछ।

३. नगरस्तरीय खेलकूद विकास समिति गठन गरी विभिन्न खेलको आयोजना गरिनेछ,

४. खेलकूद विकासका लागि विद्यालय तहदेखि नै योजनावद्ध कार्यक्रम सञ्चालनको माध्यमबाट विभिन्न विद्याका नगरस्तरीय खेलाडीहरुको टोली बनाउन पहल गरिनेछ।

पूर्वाधार विकासः

१. नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) बमोजिम भवन निर्माणका लागि संघ र प्रदेश सरकार समक्ष अनुदान माग गरिनेछ,
२. नगर गौरवका आयोजनाहरु कार्यान्वयन गर्न संघीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ,
३. कार्यालय भवन नभएका वडा कार्यालयहरुको भवन निर्माणका कार्य अगाडी बढाइनेछ
४. खोप केन्द्र नभएका वडाहरुमा खोप केन्द्र भवनको व्यवस्था मिलाईनेछ,
५. नगर क्षेत्रभित्र निर्माण हुने सार्वजनिक भवनका संरचनाहरु अपाङ्गमैत्री बनाइनेछ,
६. विभिन्न स्थानका घाटहरुलाई व्यवस्थित गर्न पहल गरिनेछ।

सडक तथा पूलः

१. नगरपालिकामा निर्माण भईसकेका सडकहरुको बिवरण अद्यावधिक गरी आवश्यक स्थानहरुमा मर्मत सम्भारको कार्य सडक बोर्ड नेपाल लगायत अन्य दातृ निकायहरुसँगको सहयोग र समन्वयमा गरिनेछ,
२. नगरपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयहरुको केन्द्र र नगरका मूख्य व्यापारिक केन्द्रसम्म जोड्ने सडकलाई बाह्रै महिना सञ्चालनमा आउने गरी स्तरोन्नती गर्न संघ र प्रदेशसँग समन्वय गरिनेछ,
३. नगर क्षेत्रभित्र निर्माण भई सञ्चालनमा आएका पूलहरुको संरक्षणको लागि पहल गरिनेछ,
४. झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिईनेछ,
५. हालसम्म कार्य सम्पन्न नभएका सडकहरुलाई क्रमागत रुपमा सम्पन्न गर्ने, नयाँ सडकको ट्र्याक खोल्ने कामलाई निरुत्साहित गर्ने र पुराना सडकहरुको स्तरोन्नती गर्ने नीतिलाई निरन्तरता दिइनेछ,
६. नगरपालिका क्षेत्रमा थप सडक निर्माण गर्नुपर्दा सडक गुरुयोजना तथा विस्तृत आयोजना प्रतिवेदन (DPR) लाई मुख्य आधार बनाइने छ,
७. नगरक्षेत्र भित्र आवश्यक पर्ने पक्की पूल निर्माणका लागि प्राथमिकताका अधारमा संघीय र प्रदेश सरकारसँग माग गरिनेछ,
८. नगरपालिकाद्वारा निर्माण गरिएको सडकले ओगटेको जग्गाको लगत कट्टा गर्न आवश्यक पहल गरिनेछ ।

सिंचाईः

१. सिंचाईका बहुउद्देश्यीय आयोजनाहरुलाई प्राथमिकता दिईनेछ,
२. निर्माण सम्पन्न भईसकेका सिंचाई प्रणालीहरुको मर्मत सुधार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरुको सहभागिता सुनिश्चित गरिनेछ,
३. आकाशे पानी संकलन, भण्डारण तथा प्रभावकारी उपयोगका विधि विस्तार गर्दै सिमान्त कृषि भूमि एवं पानीको न्यून स्रोत भएका क्षेत्रमा थोपा सिंचाई प्रविधि प्रयोगमा ल्याउन प्रोत्साहित गरिनेछ।
४. सुख्खा तथा खडेरीको प्रकोप बढी हुने स्थानमा आकाशे पानी संकलन, आहाल र प्लाष्टिक पोखरी कार्यक्रम सञ्चालन गरी जैविक विविधताको संरक्षण गर्न पहल गरिनेछ,
५. स्वीस सरकारको सहयोगमा नगरक्षेत्रमा सञ्चालन भइरहेको साना सिंचाई कार्यक्रम (SIP) लाई निरन्तरता दिइनेछ ।

भवन तथा शहरी विकासः

१. नगरको मुख्य बजार लगायत अन्य सम्भावित बजारक्षेत्रहरुमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गर्ने गरी मात्र अनुमति दिइनेछ,
२. भवन निर्माण कार्यमा संलग्न कालिगढहरुलाई संघ संस्थाहरुको समन्वयमा तालिमको व्यवस्था मिलाइने छ,
३. नगरपालिकाले सञ्चालन गर्दै आइरहेको विपन्नलाई "टिनको छाना" कार्यक्रमलाई परिमार्जन सहित निरन्तरता दिइनेछ,

४. सदरमुकामको बस्ती विकासलाई व्यवस्थित गर्न सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरी कार्यान्वयन गरिनेछ।

विद्युतः

१. सडकको भू-भागमा अवस्थित विद्युत पोलको उचित व्यवस्थापन गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ,
२. हालसम्म विद्युत सेवा नपुगेका स्थानहरुमा उच्च प्राथमिकताका साथ केन्द्रीय विद्युत प्रसारण लाईन विस्तार गर्न पहल गरी सबै वडाका बस्तीहरुमा आगामी २ वर्ष भित्र विद्युत विस्तार गरिसक्ने नीति अवलम्बन गरिनेछ,
३. नगरभित्रका महत्वपूर्ण सडकहरुमा विद्युत तथा सौर्य बत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

सञ्चार तथा सूचना प्रविधिः

१. ल्याण्ड लाइन टेलिफोनको सुविधा पुग्न बाँकी वडाका केन्द्रसम्म ल्याण्ड लाइन टेलिफोन सेवा विस्तार गर्न पहल गरिनेछ,
२. नागरिकको सूचनाको पहुँचका लागि नगरसँग सम्बन्धित सूचना नगरपालिकाको वेवसाईट तथा पत्रकार भेटघाट कार्यक्रम तथा सूचना अधिकारीको माध्यमबाट मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ,
३. सवै वडामा इन्टरनेट सेवाको क्षमता विस्तार गर्न आवश्यक व्यवस्था गरिनेछ,
४. स्थानीय पत्रपत्रिका तथा एफ.एम. रेडियो सञ्चालनलाई प्रोत्साहन गरिनेछ,
५. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको सहयोगमा नगर क्षेत्रको सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई थप सुदृढीकरण गरिनेछ।

वन तथा भू-संरक्षणः

१. वनक्षेत्र भित्र सडक निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरिएका सडकलाई प्राथमिकता दिइनेछ,
२. सार्वजनिक स्थल, पार्क तथा वनस्पति उद्यान निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापनको लागि पहल गरिनेछ,
३. वातावरणसँग सम्बन्धित बिषयमा विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ,
४. सरोकारवालाहरुसँगको समन्वय र साझेदारीमा खाली र नाङ्गा जग्गामा वृक्षारोपण अभियान संचालन गरिनेछ, स्थानीय वन ऐन र नियमावलीको तर्जुमा गरिनेछ।
५. वडास्तरमा रहेका प्राकृतिक पोखरीहरुको संरक्षण र संवर्द्धन कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ,
६. रुद्राक्ष चिराइतो ठूलो ओखती, पाखनवेद, पाँचऔले लगायतका महत्वपूर्ण तथा उच्च मूल्यांकनयुक्त वनस्पति र जडिबुटीको व्यवसायिक उत्पादन प्रशोधन प्रमाणीकरण र बजारीकरण गर्न प्रोत्साहित गरिनेछ,
७. सामुदायिक वन उपभोक्ता महासंघसँग सहकार्य गरिनेछ।

भू-तथा जलाधार संरक्षणः

१. सरोकारवालाहरुसँगको समन्वय र साझेदारीमा जलाधार संरक्षण र संवर्द्धन सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरी प्राकृतिक स्रोतहरु मासिने तथा प्रभावित हुने कार्यक्रमलाई निरुत्साहित गरिनेछ,
२. सरोकारवालाहरुसँग तथा हाल यस क्षेत्रमा कार्यरत विभिन्न निकायको समन्वय र सहकार्यमा भू-क्षय नियन्त्रण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ,
३. भू तथा जलाधार संरक्षणका लागि संघ प्रदेश र सम्वन्धित निकायको पहलमा गरिनेछ ।

जलवायु परिवर्तनः

१. नगरस्थित सबै वडाहरुमा जलवायु परिवर्तन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ,
२. सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

फोहोरमैला व्यवस्थापनः

१. फोहर उत्पादकले कर तिर्नु पर्दछ भन्ने सिद्धान्त बमोजिम संयन्त्र तयार गरी सचेतना अभियान सञ्चालन गरिनेछ,
२. फोहर वर्गीकरण गरी नगरपालिकाले लिजमा लिएको जग्गामा व्यवस्थापन गर्ने तथा **"आफ्नो ठाउँ आफै सफा गरौं"** अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ,
३. नगरक्षेत्रमा प्लाष्टिक तथा सिसाजन्य वस्तुहरुको संकलनको व्यवस्थापन गरी जथाभावी प्लास्टिक तथा सिसाजन्य वस्तुहरु फाल्ने प्रवृत्तिलाई रोक लगाइनेछ,

विपद् व्यवस्थापनः

१. नगरस्तरीय विपद् व्यवस्थापन समितिलाई थप क्रियाशिल गराईने छ,
२. नगर क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण गर्दा वातावरणीय र प्राकृतिक स्रोतहरुमा पर्न सक्ने प्रभाव न्यूनीकरण गर्ने नीतिलाई कार्यान्वयनमा ल्याइनेछ,
३. नगरपालिकामा आपतकालिन कार्य सञ्चालन केन्द्र प्रभावकारी बनाइनेछ,
४. नगर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई कार्यान्वयनमा ल्याइनेछ,
५. जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ,
६. विपद् न्यूनीकरण र जोखिममा रहेकाहरुको उद्धारको लागि नगरपालिकामा उपलब्ध जनशक्ति, सामाग्री र विपद् व्यवस्थापन कोषको परिचालनको माध्यमबाट तत्काल उद्धार गर्ने व्यवस्था गरिनेछ,
७. विपद व्यवस्थापनका आवश्यक सामग्रीहरुको उचित व्यवस्थापन गरिनेछ,
८. विपद व्यवस्थापनमा कार्यरत जनशक्तिहरुलाई लगत संकलन गरी विपद पूर्व तयारी र प्रतिकार्यका लागि पुनर्ताजगी तालिम दिइनेछ,

मानव संशाधन विकास तथा संस्थागत क्षमता विकासः

१. कार्यालयको प्रवेशद्धारमा कार्यालय अन्तर्गतका शाखा, उपशाखाहरुको पहिचान र सम्वन्धित शाखा, उपशाखाहरुबाट उपलब्ध हुने सेवा सुविधाहरुको बारेमा सेवाग्राहीलाई पूर्व जानकारी दिने सूचना बोर्ड राखिनेछ,
२. नागरिक बाडापत्रलाई अद्यावधिक गरी व्यवस्थित गरिनेछ,
३. सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रत्याभूति दिनका लागि सञ्चालन गरिने सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आवधिक समीक्षा तथा अनुगमन कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ,
४. आन्तरिक लेखापरीक्षण तथा वार्षिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजुलाई यथा समयमा फर्छ्यौट गर्ने र प्राप्त सुझाव तथा प्रतिक्रियाहरुलाई कार्यान्वयनमा ल्याइनेछ,
५. PLGSP सँगको साझेदारीमा सुशासन तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ,
६. नगरक्षेत्रमा सञ्चालन गरिने सबै प्रकारका आयोजना तथा कार्यक्रमहरुको अनुगमन एकीकृत रुपमा गरिनेछ,
७. वडास्तरीय बजेट तथा कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कृषि तथा पशुसेवा सम्बन्धी कार्यक्रमहरु यस कार्यालय मातहतको सम्बन्धित शाखासँगको समन्वयमा मात्र सञ्चालन गरिनेछ,

८. समुदाय स्तरमा कानूनी शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिनेछ,
९. संघीय तथा प्रदेश मन्त्रालय अन्तर्गतका कार्यालयहरुबाट यस नगरक्षेत्रभित्र सञ्चालन हुने विकास निर्माण तथा अन्य सेवा प्रवाहका कार्यक्रमहरु कार्यान्वयनको क्रममा नगरपालिका सँगको समन्वयमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ,
१०. नगर कार्यपालिका र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई आधारभूत तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गरी थप जिम्मेवार र जवाफदेही बनाइनेछ,
११. नगर प्रहरी सेवालाई थप प्रभावकारी वनाइनेछ,
१२. विभिन्न NGO/INGO हरुबाट नगर क्षेत्रमा सञ्चालन गर्ने कार्यक्रमहरु नगरपालिकाको समन्वय र स्वीकृतिमा मात्र सञ्चालन गर्ने व्यवस्था गरिनेछ,
१३. नगरपालिकाको क्षेत्रभित्र सबै निकायबाट सञ्चालित विकास निर्माणका योजनाहरु नगरपालिकासँगको समन्वयवाट मात्र सञ्चालन गर्न दिइनेछ ।

राजश्व परिचालनः

१. करको दायरालाई पुनरावलोकन गरी विस्तार गर्ने र करको दरलाई परिमार्जन गरी लागू गरिनेछ,
२. नगरपालिकाले संकलन गर्दै आइरहेको कर तथा दस्तुरको सम्वन्धमा करदाताहरुलाई लक्षित गरी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ,
३. नगर क्षेत्रभित्र सञ्चालनमा आएका र आउने प्रत्येक बैंक, वित्तीय संस्था, बीमा कम्पनी लगायत विभिन्न निजी क्षेत्रवाट सञ्चालित संस्थाहरुको तथ्याङ्क अद्यावधिक गरी करको दायरामा ल्याउने कार्यलाई निरन्तरता दिइनेछ,
४. निजी तथा सरकारी निकायलाई घर वहालमा दिने घरधनीहरुलाई घर वहाल करको दायरामा ल्याइनेछ,
५. साना तथा घरेलु उद्योगमा दर्ता गरी व्यवसाय सञ्चालन गर्ने उद्यमीहरुलाई नगरपालिकामा समेत व्यवसाय दर्ता तथा नवीकरणका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ,
६. सामुदायिक वन उपभोक्ता महासंघसँग सहकार्य गरी कर परिचालन बढाईनेछ।
७. सबै वडावाट राजस्व संकलनको सेवा उपलव्ध गराउदै लगिनेछ,

वित्तीय व्यवस्थापन तथा वित्तीय जोखिम न्यूनीकरणः

१. आय-व्ययको लेखा र खरिद प्रणालीलाई थप व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाईने छ,
२. विकास आयोजनाहरुको ठेक्कापट्टा समयमै गर्ने तथा विद्युतीय बोलपत्र (E-Biding) लाई प्राथमिकता दिइनेछ,
३. एक पटक स्वीकृत भैसकेको बार्षिक कार्यक्रमलाई अतिआवश्यक परेमा बाहेक सोही आ.व. मा संशोधन गर्ने परिपाटीलाई निरुत्साहित गरिनेछ,
४. विगतको बेरुजुलाई फर्छ्यौटको दायरामा ल्याई फर्छ्यौट गर्न र बेरुजु नियन्त्रण गरी शून्य बेरुजुको नीति कार्यान्वयन गर्न आन्तरिक लेखा परीक्षण तथा आर्थिक कारोवारसँग सम्वन्धित अधिकारीलाई जिम्मेवार बनाउनुका साथै शून्य पेश्की एवं शून्य बेरुजु नीति अवलम्बन गरिने छ,
५. नगरपालिकालाई प्राप्त कन्टेन्जेन्सीबाट भएका खर्चको छुट्टै अभिलेख राख्ने व्यवस्था गरिनेछ,
६. सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेही, विश्वसनीय र पूर्व अनुमान योग्य बनाइनेछ,
७. वित्तीय अनुशासन कायम गर्न मितव्ययिता र गुणस्तरलाई उच्च प्राथमिकता दिईने छ,
८. निरन्तर रुपमा वृद्धि हुँदै गएको चालु खर्चलाई न्यूनीकरण गर्ने उपाय अवलम्बन गरिने छ ।

श्रम र रोजगारः

१. स्थानीय सरकारले सञ्चालन गर्ने योजना तथा कार्यक्रममा प्रत्यक्ष रोजगारी र गरिबी निवारणमा सहयोग पुर्याउने कार्यक्रमलाई प्राथमिकता दिईनेछ,

२. सरोकारवालाहरुसँगको साझेदारीमा नगरपालिका क्षेत्रभित्र सम्भावित रोजगारीका क्षेत्रहरु पहिचान गरी रोजगारी श्रृजना गर्न पहल गरिनेछ,

३. कोभिड १९ को प्रभावका कारण रोजगारीको अवसर गुमेका तथा सोही कारणबाट वैदेशिक रोजगारीबाट फर्किएकाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गराई अल्पकालिन रोजगारीको व्यवस्था मिलाइनेछ,

४. दक्ष श्रमिक, कामको सम्मान, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनको नीतिलाई कार्यान्वयनमा ल्याइनेछ,

५. स्थानीय श्रोत साधनको अधिकतम उपयोग, दक्ष जनशक्ति निर्माण, तालिम र क्षमता विकास तथा उद्यमशील वातावरण निर्माण गरी रोजगारीको सिर्जना गर्न पहल गरिनेछ,

६. बेरोजगार युवाहरुलाई लक्षित गरी घरेलु तथा साना र मझौला एवम् उत्पादनमूलक उद्योग स्थापना गरी सञ्चालन गर्न प्रोत्साहित गरिनेछ,

७. नगर क्षेत्रमा बालश्रम निषेधका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

संस्थागत सुशासन :

१. संस्थागत सुशासन अभिवृद्धि गर्न जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम संचालन गरिनेछ,

२. सेवा प्रवाहलाई पारदर्शी र जवाफदेहि बनाउन उजुरी सुन्ने, सार्वजनिक सुनुवाई गर्ने जस्ता कार्यक्रमहरु संचालन गरिनेछ,

३. विषयगत शाखाहरुलाई जवाफदेहि बनाउन आवश्यक उपायहरु अवलम्बन गरिनेछ,
आन्तरिक नियन्त्रण प्रणाली निर्देशिकाको पूर्ण कार्यान्वयन गरिनेछ।

नगर सभाका सदस्यज्यूहरु,

प्रस्तुत आ.व. ०७९।०८० को नीति तथा कार्यक्रम तयार गर्ने क्रममा सबै पक्षको सल्लाह सुझावलाई समेट्ने प्रयास गरेको छु ।यस नीति तथा कार्यक्रम कार्यान्वयनका लागि जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, संघ/संस्था, नगरमा रहनु हुने बुद्धिजीवि वर्ग, पत्रकार लगायत सबै सरोकारवाला महानुभावहरु सहित सम्पूर्ण नगरवासीहरुको साथ र सहयोगको अपेक्षा गरेको छु।नगरवासीहरुको जीवनस्तरमा उल्लेखनीय रुपमा परिवर्तन ल्याउन एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा,

यस नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुर्याउनु हुने उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिकाका सदस्यज्यूहरु, जनप्रतिनिधि लगायत सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

१० आषाढ, २०७९

तेजन खनाल
नगर प्रमुख

आर्थिक वर्ष ०७९।८० को बजेट वक्तव्य

दशौं नगर सभाका श्रद्धेय सभाध्यज्यू,
सभासदज्यूहरु,

"हामी सबैको चाहना, समृद्ध सिद्धिचरणको लागि दिगो विकासको योजना" भन्ने मूल नाराका साथ नेपालको संविधानको धारा २२३ को उपधारा (२) बमोजिम गठन यस सिद्धिचरण नगरपालिकाको दशौं नगर सभामा नगरस्तरीय बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले नगरपालिकाको आगामी आर्थिक बर्ष ०७९।८० को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाएकोमा गौरव महसुस गर्दै सभाध्यक्षज्यू मार्फत यस गरिमामय सभाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका दशवर्षे जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र आदिवासी जनजाती आन्दोलन लगायतका राजनीतिक क्रान्ति एवम् संघर्षलाई स्मरण गर्न चाहन्छु । जनाधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्ने ज्ञात-अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । घाइते योद्धा र वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान र परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको आधारस्तम्भको रुपमा रहेको स्थानीय तहको दोस्रो निर्वाचन निष्पक्ष, स्वतन्त्र, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न भएको छ । यस निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, स्वच्छ र भयरहित तवरमा सम्पन्न गर्न योगदान गर्नुहुने आम नागरिक, राजनीतिक दल, मुख्य निर्वाचन कार्यालय, निर्वाचन कार्यालय र राष्ट्रसेवक कर्मचारी लगायत सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु र निर्वाचित पदाधिकारीहरुलाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्दछु ।

कोभिड-१९ महामारीका कारण अति प्रभावित पर्यटन तथा यातायात क्षेत्र लगायत अधिकांश उद्योग व्यवसायहरु सञ्चालनमा आएका छन् । कोभिड महामारी पश्चातको पुनरुत्थानले गति लिन थालेको अर्थतन्त्रमा बाह्य क्षेत्रको दवाव चुनौतीको रुपमा रहेको छ । हाल विश्व वजारमा इन्धन लगायतका वस्तुहरुको मूल्य वृद्धिले थप चुनौती सिर्जना गरेको छ ।

सभाध्यज्यू,
नेपालको संविधानको धारा ५६ (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र उपधारा (२) मा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यसै संविधान तथा कानूनले तोके बमोजिम गर्ने, धारा ५७ को उपधारा (४) मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लेखित बिषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुने ब्यवस्था छ ।

उल्लेखित संवैधानिक ब्यवस्थाको अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयारी गर्दा विगतको अनुभवहरुलाई समेत मध्यनजर गर्दै आगामी वर्षको लागि उपलब्ध बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण र बजेट/कार्यक्रमको प्रस्तावलाई बिषयक्षेत्रगत रुपमा छलफल गर्ने ब्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गर्नुपर्ने र दफा ७१ मा आगामी आर्थिक वर्षको राजश्व र ब्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने कानूनी ब्यवस्था रहेको छ ।

यस नगरपालिकाको आगामी आ.व. ०७९/८० को वार्षिक बजेट कार्यक्रम प्रस्ताव माथि उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्थाको अतिरिक्त बजेट कार्यक्रम तर्जुमा सम्बन्धी दिग्दर्शन, दिगो विकास लक्ष्यले समेटेको रणनीति, सम्बन्धित मन्त्रालयगत तथा विभागीय नीति, निर्देशन समेतलाई आत्मसात गरी तयार गरिएको छ ।

सभाध्यक्षज्यू,

अब म आगामी आर्थिक वर्ष २०७९/८० को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु।

प्रस्तुत बजेटका उद्देश्यहरु :

१. नगरक्षेत्रको आर्थिक विकासका नवीनतम सम्भावना र अवसरका क्षेत्रहरुको पहिचान र प्रवर्द्धन गर्दै समग्र आर्थिक विकास र समृद्धि हासिल गर्ने,
२. गुणस्तरीय शिक्षामा नगरवासीहरुको पहुँचमा सुनिश्चतता प्रदान गर्ने,
३. सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने,
४. नगरवासीहरुको जीवनस्तर सुधार गर्न आधारभूत आवश्यकताहरुको परिपूर्ती गर्दै गरिबी न्यूनीकरणमा जोड दिने,
५. कृषि क्षेत्रको विकास, विविधीकरण र व्यवसायिकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,
६. सुशासन, पारदर्शीता र जवाफदेहीताको सिद्धान्तलाई आत्मसाथ गरी आम नगरबासीलाई छिटो छरितो, सहज, गुणस्तरीय र परिणाममूखी सेवा प्रदान गर्ने,
७. महिला, बालबालिका, ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति, दलित लगायत पछाडी पारिएका र सीमान्तकृत समुदायको विकासको लागि लक्षित वर्गमैत्री संरक्षणात्मक तथा प्रवर्द्धनात्मक नीति अवलम्वन गर्ने,
८. पर्यटन क्षेत्रको पूर्वाधार विकास गरी आर्थिक मेरुदण्डको रुपमा पर्यटन क्षेत्रलाई विकास गर्ने,

बजेट निर्माणको आधार तथा प्राथमिकताका क्षेत्रहरुः

१. आगामी आर्थिक वर्षका लागि राजश्व नीति, राजश्वका स्रोत, दायरा तथा कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क र दस्तुरको दायरा सम्बन्धमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ समेतमा व्यवस्थित दायराको आधारमा तयार गरिएको छ । त्यसैगरी राजश्वका दर र कूल राजश्व प्रस्ताव तयार गर्दा चालु आ.व. मा कायम रहेको दर र हालसम्मको राजश्व प्राप्ति समेतलाई आधार मानी तयार गरिएको छ।
२. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र ब्ययको अनुमान गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार यस नगरपालिकालाई प्राप्त हुने राजश्व बाँडफाँट रकम र आन्तरिक राजश्व समेतको सिमा ननाघ्ने गरी मात्र प्रशासनिक (चालु) खर्च सिमित गरिएको छ।
३. विकास साझेदारहरु समेतको लागत साझेदारीमा सञ्चालन हुने शहरीकरण/पर्यटन प्रवर्द्धन र साना सिंचाई जस्ता आयोजनाहरु।
४. लक्षित समूह विकास तथा संरक्षण बिषयगत क्षेत्र अन्तरगतका क्रियाकलापहरु।
५. कम लागतमा बढी प्रतिफल प्राप्त हुने, स्थानीय जनतासँग प्रत्यक्ष सरोकार राख्ने र आर्थिक उपार्जनको क्रियाकलाप मार्फत रोजगारीको अवसर सिर्जना गरी आत्मनिर्भर हुने खालका आयोजनाहरु ।

बजेटको माथि उल्लेखित उद्देश्य तथा प्राथमिकता कार्यान्वयन गर्न देहाय अनुसारका क्रियाकलापहरु सम्पादन गरिनेछ।

१. स्वीकृत कार्यक्रमहरु आर्थिक वर्षको अन्तिम अवधिमा मात्र कार्यान्वयन गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ र कर्मचारीहरुको प्रोत्साहनका लागि सुविधाको पुनरावलोकन गरी बजेटमा समावेश गरिएको छ,

२. बजेट कार्यक्रम कार्यान्वयन प्रकृयालाई सम्बन्धित कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनसँग जोड्ने व्यवस्था गरिनेछ,

३. बजेट कार्यक्रम सम्बन्धी कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ,

४. अनुगमन, सुपरीवेक्षण र आवधिक समीक्षा तथा प्रतिवेदन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ,

५. उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकास सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

सभाध्यज्यू,

अब म यस नगरपालिकाको गत आर्थिक बर्ष ०७७/०७८ को यथार्थ आय-ब्यय र चालु आर्थिक वर्ष ०७८/०७९ को ०७९ जेष्ठ मसान्तसम्मको यथार्थ आय-ब्ययको बिबरण र आगामी आ.व. ०७९/८० को प्रस्तावित अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. यस नगरपालिकाको गतः आर्थिक वर्ष ०७७/०७८ को बजेट अनुमान रु.६६ करोड ८२ लाख २२ हजार ३ सय ७० रहेकोमा उक्त आ.व.मा कूल आय ६४ करोड ३४ लाख ४४ हजार ५ सय ८५ पैसा ६४ भएको छ भने खर्चतर्फ रु.५१ करोड ३५ लाख ९० हजार १ सय ७० पैसा १९ रहेको छ ।

२. चालु आर्थिक वर्ष ०७८/०७९ को अनुमानित बजेट ७७ करोड १९ लाख २२ हजार ५ सय रहेकोमा २०७९ साल जेठ मसान्तसम्मको यथार्थ आय ६४ करोड ६९ लाख ३७ हजार ९ सय २१ पैसा ६३ रहेको छ भने खर्चतर्फ ५३ करोड ८६ लाख ५५ हजार २ सय १९ पैसा ४४ रहेको छ ।

३. त्यसैगरी आगामी आ.व.०७९/८० को लागि ८१ करोड ६ लाख २३ हजार ८ सय ६० बजेट प्रस्ताव गरिएको छ।

प्रस्तुत बजेटले पूँजीगत खर्चतर्फ बिषय क्षेत्रगत रुपमा देहाय अनुसारको हिस्सा समेटेको छ ।

बिषयगत क्षेत्र	बजेट रु.	बिनियोजन प्रतिशत
आर्थिक विकास	११,२८,००,०००	१३.९२%
सामाजिक विकास	४५,३३,७६,१२०	५५.९२%
पूर्वाधार विकास	१०,६६,१८,८८०	१३.१६ %
वन, वातावरण तथा विपद् ब्यवस्थापन	३७,५०,०००	०.४६%
सुशाशन तथा संस्थागत विकास	१३,४०,८१,८६०	१६.५४%
जम्मा	**८१,०६,२३,८६०**	**१००%**

आगामी आर्थिक बर्ष ०७९।०८० को प्रस्तावित आय-व्ययको संक्षिप्त बिवरण :

आर्थिक वर्ष ०७९/८० को आन्तरिक आय (राजश्व) को सारांश :		
क्र.सं.	**बिबरण**	**वजेट**
१. आन्तरिक आम्दानी :		
१	एकीकृत सम्पति कर	३,०००,०००.००
२	भूमिकर/मालपोत	२,५००,०००.००
३	घरबहाल कर	१,३५०,०००.००
४	बहाल विटौरी कर	१००,०००.००
५	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	२५,०००.००
६	कृषि तथा पशुजन्य व्यवसायको कारोवारमा लाग्ने कर	१,०००,०००.००
७	अन्य कर	३००,०००.००
८	सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय	३००,०००.००
९	अन्य बिक्रीबाट प्राप्त रकम	१७५,०००.००
१०	अन्य सेवा शुल्क तथा बिक्री	१२५,०००.००
११	न्यायिक दस्तुर	२५,०००.००
१२	क्षिक्षा क्षेत्रको आम्दानी	२५०,०००.००
१३	अन्य प्रशासनिक सेवा शुल्क	५०,०००.००
१४	पार्किङ शुल्क	२५,०००.००
१५	नक्सा पास दस्तुर	१,३००,०००.००
१६	सिफारिस दस्तुर	१,१००,०००.००
१७	व्यक्तिगत घटना दर्ता दस्तुर	२५०,०००.००
१८	नाता प्रमाणित दस्तुर	१००,०००.००
१९	अन्य दस्तुर	१,०००,०००.००
२०	व्यवसाय रजिस्ट्रेशन दस्तुर	७५०,०००.००
२१	गिट्टी तथा वालुवा निकासी दस्तुर	४२५,०००.००
२२	अन्य राजश्व	८५०,०००.००
	जम्मा	१५,०००,०००.००
२. राजश्व बाँडफाँड :		
१	राजश्व बाँडफाँड (संघ)	१००,७३१,०००.००
२	सवारी साधन कर बाँडफाँड (प्रदेश)	८,४०१,८६०.००
३	घर जग्गा रजिष्ट्रेशन दस्तुर	१०,०००,०००.००
	जम्मा	११९,१३२,८६०.००

३. संघीय सरकार अनुदान :		
१	वित्तीय समानीकरण	११९,७००,०००.००
२	समपुरक अनुदान	१२,०००,०००.००
३	सशर्त अनुदान (चालु)	३०५,८००,०००.००
४	सशर्त अनुदान (पूँजीगत)	४०,३००,०००.००
५	बिशेष अनुदान (पूँजीगत)	८,५००,०००.००
६	सामाजिक सुरक्षा तथा संरक्षण	१३०,०००,०००.००
७	गरिबसँग विश्वेश्वर कार्यक्रम	४६४,०००.००
८	सडक बोर्ड नेपाल	४,०००,०००.००
	जम्मा	६२०,७६४,०००.००
४. प्रदेश सरकार अनुदान :		
१	वित्तीय समानीकरण	६,३९१,०००.००
२	समपुरक अनुदान	१०,०००,०००.००
३	सशर्त अनुदान (चालु)	८२३,०००.००
४	सशर्त अनुदान (पूँजीगत)	९,४१३,०००.००
	जम्मा	२६,६२७,०००.००
५. अ.ल्या. रकम :		
१	चालु आ.व. मा खर्च हुन बाँकी अ.ल्या. रकम	२९,१००,०००.००
	जम्मा	२९,१००,०००.००
	कूल जम्मा	८१०,६२३,८६०.००

आर्थिक वर्ष ०७९/८० को प्रस्तावित वार्षिक व्ययको विवरण :

१. कार्यायलय तथा वडा संचालन प्रशासिनक खर्चको बिनियोजन (चालुतर्फ) :		
क्र.सं.	बिबरण	वजेट
१	सवारी साधन, मेशिनरी औंजार, फर्निचर तथा फिक्चर्स	४,८००,०००.००
२	कर्मचारी पारिश्रमिक र सुबिधा	४०,२००,०००.००
३	पदाधिकारी सेवा सुबिधा तथा भत्ता	१७,०००,०००.००
४	सेवा महसुल	१,२३१,०००.००
५	पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च	१०,७००,०००.००
६	कार्यालय सामान तथा सेवाहरु	७,६००,०००.००
७	परामर्श तथा अन्य सेवा शुल्क	१७,०००,०००.००
८	कार्यक्रम सम्बन्धी खर्च	३,२००,०००.००
९	अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	३,०००,०००.००
१०	विविध खर्च	२,०००,०००.००
११	सभा सञ्चालन खर्च	७००,०००.००
१२	भाडा	२,८०१,८६०.००
१३	वडा कार्यालय संचालन तथा प्रशासनिक खर्च	८,९००,०००.००
	जम्मा	११९,१३२,८६०.००

२. समानीकरण (निशर्त) बजेट अन्तर्गत बिषयगत शाखा तथा वडाहरुको कार्यक्रमहरु :		
१	सूचना प्रबिधि शाखा	१,०००,०००.००
२	पशुसेवा शाखा	३,५००,०००.००
३	कृषि विकास शाखा	३,३५०,०००.००
४	पूर्वाधार विकास/विपद व्यवस्थापन शाखा	२,५००,०००.००
५	स्वास्थ्य शाखा	१२,०६८,०००.००
६	महिला, बालाबालिक तथा समाज कल्याण उप-शाखा	५,१८०,०००.००
७	शिक्षा, यूवा तथा खेलकुद शाखा	१७,२००,०००.००
८	राजश्व उप-शाखा	५००,०००.००
९	कानून, न्याय तथा मानव अधिकार प्रवर्द्धन शाखा	५००,०००.००
१०	वडास्तरीय योजना/कार्यक्रम	५४,०००,०००.००
	जम्मा	९९,७९८,०००.००
३. नगरस्तरीय योजना तथा कार्यक्रमहरु :		
१	समपूरक कोष	१७,०९७,१२०.००
२	विपन्न परिवारका लागि जस्तापाता	५५०,०००.००
३	सिद्धिचरण स्टयाचु वरीपरी पानीको फोहोरा निर्माण	१,१००,०००.००
४	ग्याविन बक्स खरिद	३००,०००.००
५	९० बर्ष माथीका जेष्ठ नागरिकलाई पोष्टिक आहार	३२०,०००.००
६	अन्य सहायता	१,०००,०००.००
७	कानूनी परामर्श सेवा	५००,०००.००
८	वर्णालु खानेपानीको लागि रेडक्रससँग सहकार्य	५००,०००.००
९	जे.सि.भि. खरिद	५,०००,०००.००
१०	आवधिक योजना तर्जुमा	५००,०००.००
११	पूँजीगत सुधार कार्यक्रम	१,०००,०००.००
१२	सिद्धिचरण न.पा. ३ सामुदायिक भवन ओखरवोट	३००,०००.००
१३	सिद्धिचरण न.पा. ३ अँधेरी उधौली उभौली सामुदायिक भवन	१००,०००.००
१४	कृष्ण मन्दिर राम बजार सिद्धिचरण नगरपालिका वडा नं. ११	२५०,०००.००
१५	ढाल्पु सिद्धिचरण न.पा. ७ सामुदयिक भवन निर्माण	२००,०००.००
१६	तामाङको घाट निर्माण सिद्धिचरण नगरपालिका वडा नं. ७	२००,०००.००
१७	नगर पत्रकारिता पुरस्कार	१५,०००.००
१८	संचार क्षेत्र विकास साझेदारी कार्यक्रम	२५०,०००.००
१९	उत्कृष्ट कर्मचारी पुरस्कार (१ प्रा. शिक्षक,१ मा.सि. १ का.स. हसचा,२ अन्य कर्मचारी १ विद्यालय कर्मचारी	३०,०००.००
२०	नेवा दय जिल्ला कार्यालयलाई फर्निचनर खरिद अनुदान	१५०,०००.००
२१	वाहिङ किराँत मुलूखिमको संग्रहालय निर्माण	२००,०००.००
२२	प्रहरीसँग सहकार्य कार्यक्रम	२५०,०००.००
२३	पावर व्याकअप (राजस्व शाखा)	१००,०००.००
२४	त्रीवर्षिय क्षमता विकास कार्यक्रम	५००,०००.००
२५	प्रवेशद्वार मर्मत निर्माण	५००,०००.००

	जम्मा	३०,९१२,१२०.००
३. क्रमागत आयोजनाहरु :		
१	साना सिंचाई आयोजना कार्यक्रम	९२१२०००
२	नवप्रवर्तन साझेदारी कार्यक्रम प्रदेश सरकारसँगको साझेदारी कार्यक्रम (२२२५५०००)	७,२५५,०००.००
३	वडा कार्यालय भवन निर्माण (५ ७ ११ १२)	११,२८०,१७७.००
४	श्रष्टा पार्कमा पर्यटकीय पूर्वाधार निर्माण	९,९००,०००.००
५	झोलुङ्गे पुल हेरालु पारीश्रमिक	२३०,०००.००
६	झलुङ्गे पूल क्षेत्रगत कार्यक्रम	१,६०३,७०३.००
	जम्मा	३९,४८०,८८०.००
४. प्रदेश सरकारबाट प्राप्त हुने सशर्त/समपूरक कार्यक्रमहरु :		
१	समपूरक अनुदान (पूँजीगत)	१०,०००,०००.००
२	खानेपानी सिंचाई कार्यक्रम	९,४१३,०००.००
३	सामाजिक विकास	८२३,०००.००
	जम्मा	२०,२३६,०००.००
५. संघीय सरकारबाट प्राप्त हुने सशर्त/समपूरक/विशेष कार्यक्रमहरु :		
१	लैंगिक समानता तथा सामाजिक समावेशीकरण एम.आई.एस.	१,५००,०००.००
२	श्रम तथा रोजगारी (प्रधानमन्त्री रोजगार कार्यक्रम)	१७,५००,०००.००
३	उर्जा	१,०००,०००.००
४	पर्यटन	१,८००,०००.००
५	भूमि व्यवस्था	२००,०००.००
६	सिंचाई आयोजना	२७,२००,०००.००
७	पोषण कार्यक्रम	३००,०००.००
८	स्वास्थ्य कार्यक्रम	५१,८००,०००.००
९	भवन, आवास तथा सहरी विकास	१८,१००,०००.००
१०	सामाजिक सुरक्षा तथा संरक्षण	१३०,०००,०००.००
११	गरिबसँग विश्वेश्वर कार्यक्रम	४६४,०००.००
१२	सडक बोर्ड नेपाल	४,०००,०००.००
१३	क्षिक्षा कार्यक्रम	२२०,१००,०००.००
१४	कृषि तथा पशु विकास कार्यक्रम	१२,०००,०००.००
१५	यूवा तथा खेलकूद कार्यक्रम	१००,०००.००
१६	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन (उद्योग)	३,०००,०००.००
१७	समपूरक अनुदान (संघ)	१२,०००,०००.००
	जम्मा	५०१,०६४,०००.००
	कूल जम्मा	८१०,६२३,८६०.००

सिद्धिचरण नगरपालिकाको मध्यकालिन खर्च संरचना
(२०७९।८० देखि २०८१।८२ सम्म)

१) पृष्टभूमि :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक बिषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको र दफा १७ मा त्यस्तो विवरण तयार गर्दा आगामी ३ आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ।

यसै अनुसार सिद्धिचरण नगरपालिकाले यो मध्यकालिन खर्च संरचना तयार गरेको छ।

२) तर्जुमा प्रकृया :

